# विदेशी लगानी तथा प्रविधि हस्तान्तरणलाई थप प्रभावकारी बनाउन गठित कार्यदलको अध्ययन प्रतिवेदन

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**उद्योग विभाग**

त्रिपुरेश्वर, काठमाडौं

२०७७, पौष

## अध्ययन समितिका पदाधिकारीहरु

| | |
|---|---|
| निर्देशक श्री उदय कुमार गुप्ता | संयोजक |
| उप निर्देशक श्री मदन पण्डित | सदस्य |
| मेकानिकल ईन्जिनियर श्री सुर्य सुव्वा | सदस्य |
| तथ्यांक अधिकृत श्री पुष्पराज शिवाकोटी | सदस्य |
| शाखा अधिकृत श्री रुपेशराज खनाल | सदस्य सचिव |
| अन्जन कुमार दाहाल | आमन्त्रित सदस्य |
| आभाष पण्डित | आमन्त्रित सदस्य |

# विषय-सूची


पेज नं.

अध्याय एक: 1-3
परिचय

अध्याय दुई: 4-11
विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी नीतिगत (कानूनी), संस्थागत, संरचनागत र प्रकृयागत अवस्था

अध्याय तीन: 12-30
नेपालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम कार्यवाहीको अवस्था

अध्याय चार: 31-33
नेपालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम कार्यवाहीलाई थप प्रभावकारी बनाउन आवश्यक सुधारका क्षेत्रहरु

अध्याय पाँच: 34-36
सुझाव तथा सिफारिस

अनुसूचीहरु

अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानीमैत्री वातावरण सिर्जना गर्दै औद्योगिकीकरण मार्फत् दिगो आर्थिक बृद्धि हासिल गर्ने लक्ष्य सहित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ जारी भएको छ । विदेशी लगानीको स्वीकृति प्रक्रियालाई सरल बनाउन र लगानीको सुरक्षालाई थप विश्वस्त बनाउन विभिन्न नीतिगत व्यवस्था गरिएको छ । नेपालमा विदेशी लगानीकर्ताले लगानी गर्दा पूँजीको न्यूनतम् सीमा ५ करोड रुपैयाँ कायम गरिएको छ ।

विश्व बैंकद्वारा वार्षिक रुपमा प्रकाशित हुने Doing Business Report-२०२०मा नेपाल १६ स्थान सुधार गर्दै १९० देशहरुमध्ये ९४ औं स्थानमा परेको छ । यस प्रतिवेदनले भवन निर्माण अनुमती, कर्जा सूचना तथा उपलब्धता, सीमापार व्यापार र करार तथा सम्झौताको कार्यान्वयनमा सुधार आएको कुरालाई सकारात्मक रूपमा उल्लेख गरेको छ । अर्कोतिर, श्रमिकको सामाजिक सुरक्षा कोषमा अनिवार्य दर्ताको प्रावधानले व्यवसाय सुरु गर्न अझ कठीन भएको विषय उल्लेख गरेको छ । साथै, सम्पत्ति दर्ता तथा हस्तान्तरणमा शुल्क वृद्धि हुँदा अझ महँगो हुन पुगेको प्रतिवेदनमा उल्लेख छ ।

विदेशी लगानी प्रवर्द्धनकालागि बौद्धिक सम्पत्तिको संरक्षण र वैदेशिक लगानी एक-अर्काका परिपूरक हुन् । नेपाल संघीय शासनको नयाँ व्यवस्थामा प्रवेश गरेसँगै संघीय व्यवस्था अनुकूल हुने गरी नयाँ ऐन तर्जुमा तथा आवश्यक संशोधन गरी समय-सापेक्ष बनाउन निरन्तर लागिरहेको छ । वैदेशिक लगानीसँग प्रत्यक्ष सम्बन्ध राख्ने बौद्धिक सम्पत्ति सम्बन्धी कानुनमा समयसापेक्ष सुधार गर्न नयाँ ऐनको मस्यौदा तयार भैरहेको छ ।

प्रचलित कानून बमोजिम उद्योगको अनुमती, दर्ता, स्थापना, विस्तार, विदेशी लगानी स्वीकृति, बहिर्गमन लगायत उद्योग प्रशासन सम्बन्धी कार्य तथा उद्योग वा लगानीकर्ताले पाउने प्रोत्साहन, छुट, सुविधा सहुलियत ,लगायतका सेवाहरूलाई सरल एवं सहज रूपमा एकै स्थानबाट उपलब्ध गराउन उद्योग विभागमा एकल विन्दु सेवा केन्द्र मार्फत् सेवा प्रवाह भइरहेको छ ।

## १.२ अध्ययन समितिको गठन

नेपालमा विदेशी लगानीको समग्र अवस्थाको अध्ययन विश्लेषण गरी प्रतिवेदन पेश गर्न विभागको निर्णयानुसार विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका प्रमुखको संयोजकत्वमा अध्ययन समिति गठन गरिएको थियो । उक्त समितिलाई तोकिएको Terms of Reference (TOR) देहाय बमोजिम रहेको छ ।

१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी काम कार्यवाहीसँग सम्वन्धित नीतिगत, कानुनी, संस्थागत, संरचनागत र प्रक्रियागत अवस्थाको अध्ययन गर्ने ।
२. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी काम कार्यवाहीको अध्ययन विश्लेषण गरी हालसम्मको प्रगति विवरणको तुलनात्मक अध्ययन गर्ने ।
३. नेपालमा पछिल्लो दश वर्षमा स्वीकृत भएको विदेशी लगानी, खुद भित्रिएको विदेशी लगानी, विदेशी लगानी फिर्ता, रोयल्टी फिर्ता, लाभांश फिर्ता, पुन लगानी र के कस्ता क्षेत्रमा विदेशी लगानी भित्रिएको छ सोको Trend Analysis गर्नुको साथै विदेशी लगानीको प्रभावकारिता समेतको अध्ययन गरी सुझाव पेश गर्ने ।
४. लगानी वोर्डबाट स्वीकृत भएको लगानी विवरण अध्ययन गरी समिष्टगत लगानी स्वीकृतिको विवरण संकल गरी पेश गर्ने ।
५. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी काम कार्यवाहीलाई थप प्रभावकारी वनाउन नीतिगत, संरचनागत, व्यवस्थापकीय र प्रक्रियागत सुधारहरुको कार्यान्वियन योग्य सुझाव पेश गर्ने ।
६. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी काम कार्यवाहीलाई थप प्रभावकारी बनाउन के कति स्रोत साधनको आवश्यक पर्ने हो र सोका लागि मन्त्रालय, विभाग र अन्य सरोकारवाला निकायहरुको के कस्तो समन्वयात्मक भुमिका आवश्यक रहेको छ ? सोको पहिचान गरी सुझाव पेश गर्ने ।
७. उपरोक्त विषयमा अध्ययन विश्लेषण गर्न गठित समितिमा तोकिए अनुसार विषय विज्ञ सदस्य आमन्त्रण गरी राय सुझाव तथा परामर्श लिने र प्राप्त सुझावहरुलाई के कसरी कार्यान्वयन गर्न सम्भव हुन्छ? कार्य योजना सहितको सुझावहरुसमेटिएको संयुक्त प्रतिवेदन पेश गर्ने ।

## १.२ अध्ययनको सीमा

१. यस अध्ययनले उद्योग विभाग र लगानी बोर्डबाट स्वीकृत विदेशी लगानीका उद्योगलाई मात्रै समेटेको छ ।
२. यो अध्ययन मूलतः उद्योग विभाग, लगानी बोर्ड र नेपाल राष्ट्र बैंकबाट उपलब्ध भएका तथ्यांकमा आधारित छ ।

समयको सीमितताका कारण यस अध्ययनले ठूलो मात्रामा प्राथमिक तथ्यांक उपयोग गर्न सकेको छैन।

अध्याय दुई

# विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी नीतिगत, संस्थागत, संरचनागत र प्रकृयागत अवस्था

## २.१ नीतिगत व्यवस्था

- संवैधानिक व्यवस्था

  नेपालको संविधानको राज्यका नीतिहरू (धारा ५१) अन्तर्गत (घ) मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिको बुँदा नं. (१०) मा राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने र बुँदा नं. (१२) मा गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने उल्लेख छ ।

- आवधिक योजना

  चालू पन्ध्रौं योजनामा वैदेशिक लगानी सम्बन्धी तीन उद्देश्य र पाँच रणनीति तय गरिएका छन् । योजना अवधिमा रु. २६० अर्ब वैदेशिक लगानी हुने पूर्वानुमान गरिएको छ ।

- चालू बजेट

  आ.व. २०७७।७८ को वार्षिक बजेटमा प्रत्यक्ष रुपमा विदेशी लगानी सम्बन्धी कुनै कार्यक्रम उल्लेख भएको देखिँदैन ।

- विदेशी लगानी नीति, २०७१

  २०७१ फागुन १५ गते नेपाल सरकारले जारी गरेको विदेशी लगानी नीति, २०७१ ले परिवर्तित सन्दर्भमा विदेशी लगानीको क्षेत्र, सुविधा र प्रकृयालाई परिभाषित गरेको छ ।साथै, संस्थागत विदेशी लगानीकर्ताले प्रत्यक्ष विदेशी लगानी र दोस्रो बजारको माध्यमबाट गरिने पोर्टफोलियो लगानी समेत गर्न पाउने लक्ष्य राखेको छ । नेपाल धितोपत्र बोर्डमा सूचीकृत भई नेपालभित्र कारोबार भएका धितोपत्रमा विदेशी संस्थागत लगानीकर्ताले लगानी गर्न पाउने उल्लेख गरिएको छ । दोस्रो बजारमा यसरी खरीद गरिएको धितोपत्र न्यूनतम् होल्ड गर्नुपर्ने अवधि, लगानीको सीमा, विदेशी मुद्रामा राख्नुपर्ने रिजर्व आदिका सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गरिने उल्लेख छ । नेपालमा सञ्चालनमा रहेका उद्योगको शेयर विदेशी लगानीकर्ताले खरिद गरेमा सो लगानीलाई पनि विदेशी लगानी मानिने उल्लेख छ । गैरआवासीय नेपाली लगानीकर्ताले

संस्थागत र व्यक्तिगत रुपमा प्रत्यक्ष विदेशी लगानी र पोर्टफोलियो लगानी समेत गर्न पाउने नीति रहेको छ ।

- मौद्रिक नीति, २०७७

  नेपाल सरकार, उद्योग विभाग अन्तर्गत स्थापित एकल विन्दु सेवा केन्द्रमा रहेको विदेशी विनिमय सहजीकरण एकाईलाई थप प्रभावकारी बनाइने छ तथा निश्चित शर्त र मापदण्डको अधिनमा रही निश्चित रकमसम्मको विदेशी लगानी वापतको विदेशी मुद्रा बैंक तथा वित्तीय संस्थाहरुमार्फत स्वचालित तवरबाट भित्र्याउन सक्ने व्यवस्था गरिनेछ र विदेशी मुद्राको लगानीमा हुन सक्ने विनिमय जोखिम न्यूनीकरण गर्न विशिष्टिकृत संस्था मार्फत व्यवसायिक रुपमा हेजिङ्ग सम्बन्धी कार्य गर्न प्रोत्साहित गरिनेछ भन्ने उल्लेख भएको छ।

  विदेशी लगानीलाई सम्बर्द्धन गर्न देहाय बमोजिमका नीतिहरु रहेका छन्:-

  - औद्योगिक नीति, २०६७
  - सार्वजनिक नीजि साझेदारी नीति, २०७२
  - अन्य क्षेत्रगत नीतिहरु

## २.२ कानूनी व्यवस्था

- **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ का मुख्य प्रावधानहरुः**

  मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोतसाधनको अधिकतम् परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारउन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु वा सेवाको उत्पादनका क्षेत्रमा विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानी मैत्री वातावरण सिर्जना गर्दै औद्योगिकीकरण मार्फत दीगो आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य ऐनको प्रस्तावनामा उल्लेख गरिएको छ ।

  - विदेशी लगानीको माथिल्लो सीमा नतोकिएको ।
  - विदेशी लगानी भित्र्याउने समयसीमा तोकिएको ।
  - विदेशी लगानीको रकम बैंकिंग प्रणाली मार्फत पठाउनुपर्ने ।
  - औद्योगिक सुरक्षा सम्बन्धित प्रावधान रहेको ।
  - जग्गा सम्बन्धी सुविधाको व्यवस्था गरिएको ।
  - सबै विदेशी लगानी उद्योगहरूमा राष्ट्रिय उपचारको प्रत्याभूति ।

- विदेशी लगानी उद्योगहरूको राष्ट्रियकरण नगरिने ।
- गुनासो व्यवस्थापन गर्न संयन्त्रको व्यवस्था गरिएको ।
- वैदेशिक लगानी स्वीकृत गर्ने निकायले इलेक्ट्रोनिक साधनहरूको प्रयोग गरी सेवा प्रवाह गर्न सक्ने ।

यस बाहेक विदेशी लगानीसँग सम्बन्धित अन्य ऐनहरु देहाय बमोजिम रहेका छन्:-

- औद्योगिक व्यवसाय ऐन, २०७६ र नियमावली २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ र नियमावली
- गैह्र आवासीय नेपाली सम्बन्धी ऐन, २०६४
- अन्य विभिन्न क्षेत्रगत ऐनहरु

## २.३ संरचनागत व्यवस्था

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- लगानी बोर्डको कार्यालय, नेपाल
- औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड
- एकल विन्दु सेवा केन्द्र (उद्योग विभाग)
- नेपाल राष्ट्र बैंक
- कम्पनी रजिष्ट्रारको कार्यालय

- एकल विन्दु सेवा केन्द्र

उद्योग विभाग परिसरमा एकल विन्दु सेवा केन्द्र संचालनमा छ । उक्त केन्द्रबाट सरकारका विभिन्न निकायबाट प्रवाह हुने सेवाहरु एकै स्थलबाट सरल एवं सहज प्रकृयाद्वारा उद्योग स्थापनाको अनुमति, विदेशी लगानी स्विकृती, कम्पनी दर्ता, उद्योग दर्ता, लगानीकर्ताले पाउने सेवा, छुट, सुविधा, सहुलियत वा प्रोत्साहन उपलब्ध गराउने, लगानी फिर्ता लगायत उद्योग प्रशासन सम्बन्धी सेवा प्रवाह हुने गरेको छ । विदेशी लगानी स्वीकृति दिने देखि विदेशी लगानीमा स्थापित उद्योगहरुको समग्र प्रशासन समेत विभागमा रहेको एकल विन्दु सेवा केन्द्रबाट भईरहेको छ ।

औद्योगिक सेवालाई थप सहज, सरल र लगानीमैत्री बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभागबाट निरन्तर सुधारका प्रयास भैरहेका छन् । चालु आर्थिक वर्षको

नीति तथा कार्यक्रम, वार्षिक बजेट र मौद्रिक  नीतिले समेत एकल विन्दु सेवा केन्द्रको सेवालाई थप प्रभावकारी बनाउन विशेष महत्व दिएको छ ।

निकायगत प्रतिनिधित्वः

एकल विन्दु सेवा केन्द्रमा देहाय बमोजिमको निकायगत प्रतिनिधित्व रहने व्यवस्था छ-

(क) उद्योग विभाग,
(ख) कम्पनी रजिष्ट्रारको कार्यालय,
(ग) आन्तरिक राजश्व विभाग,
(घ) उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय,
(ङ) वन तथा वातावरण मन्त्रालय,
(च) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(छ) अध्यागमन विभाग,
(ज) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,
(झ) भन्सार विभाग,
(ञ) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
(ट) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग,
(ठ) नेपाल राष्ट्र बैंक,
(ड) नेपाल विद्युत प्राधिकरण,
(ढ) नेपाल दुरसञ्चार प्राधिकरण।

एकल विन्दु सेवा केन्द्रका एकाइहरुः

(क) उद्योग दर्ता एकाइ
(ख) वातावरण एकाइ
(ग) विदेशी विनिमय सहजीकरण एकाइ
(घ) भिसा सहजीकरण एकाइ
(ङ) पूर्वाधार एकाइ
(च) जग्गा प्रशासन एकाइ
(छ) भन्सार तथा राजस्व एकाइ
(ज) प्रशासन तथा कानून एकाइ

## एकल विन्दु सेवा केन्द्रका काम, कर्तव्य र अधिकार

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ र ३८ मा एकल विन्दु सेवा केन्द्रका सम्वन्धमा देहाय अनुसार व्यवस्था गरिएको छः

- एकल बिन्दु सेवा केन्द्रको स्थापनाः (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवं सहज प्रक्रियाद्वारा र नेपाल सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरू समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरू प्रवाह गर्ने प्रयोजनको लागि नेपाल सरकारले तोकिए बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुऱ्याइने सेवा, केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तोकिए बमोजिम हुनेछ ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ। त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले आवश्यक अधिकारसमेत प्रत्यायोजन गर्नु पर्नेछ ।

(४) एकल बिन्दु सेवा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा सञ्चालन समिति गठन गर्नेछ।

- एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः (१) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी (दामासाही बाहेक) लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,

(ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति सम्बन्धी कार्य गर्ने,

(ग) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने,

(घ) प्रचलित कानून बमोजिम भिसा सुविधा सम्बन्धी कार्य गर्ने,

(ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित

निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरुबीच सम्पर्क बिन्दु (फोकल पोइण्ट) सम्बन्धी कार्य गर्ने

(छ) प्रचलित कानून बमोजिम उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ज) प्रचलित कानून बमोजिम विदेशी मुद्रा विनिमय स्वीकृति सम्बन्धी कार्य गर्ने,

(झ) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रदान गर्ने,

(ञ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने,

(ट) बोर्डले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ठ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृतिपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ड) उद्योग व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागतजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा विद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(ढ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(ण) आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा प्रचलित कानून बमोजिम अनुमति दिने वा सोको लागि सिफारिस गर्ने,

(त) लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,

(थ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(द) मन्त्रालय र बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ध) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरु गर्ने।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा यस दफा बमोजिम एकल बिन्दु सेवा केन्द्रले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवं सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सोको प्रक्रिया सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २३ मा एकल विन्दु सेवा केन्द्रको सम्बन्धमा देहाय अनुसार व्यवस्था गरिएको छ-

- एकल बिन्दु सेवा केन्द्र मार्फत् सेवा उपलब्ध गराइने: (१) नेपाल सरकारले विदेशी लगानीकर्तालाई यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम प्रदान गरिने छुट, सुविधा, सहुलियत वा सेवाहरू एकल बिन्दु सेवा केन्द्र मार्फत् उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरूको व्यवस्थापन गर्दा क्रमशः देहायका सेवाहरू प्रदान गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछः-

(क) उद्योगको दर्ता तथा उद्योग प्रशासन,
(ख) विदेशी लगानी र ऋणको स्वीकृति,
(ग) कम्पनी दर्ता तथा कम्पनी प्रशासन,
(घ) श्रम स्वीकृति,
(ङ) भिसा सुविधा,
(च) उद्योगबाट उत्पादित वस्तुको गुणस्तर मापन तथा नियन्त्रण,
(छ) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति,
(ज) उर्जा र पूर्वाधार विकास तथा सोको लागि आवश्यक समन्वय एवं अन्य निकायहरुका बीच सम्पर्क बिन्दु (फोकल पोइन्ट),
(झ) उद्योगले पाउने छुट, सुविधा,
(ञ) स्थायी लेखा नम्बर प्रदान गर्ने कार्य,
(ट) विदेशी विनिमय स्वीकृति,
(ठ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम उद्योगका लागि गर्नुपर्ने अन्य कार्यसँग सम्बन्धित कुनै सेवा।

(३) एकल बिन्दु सेवा केन्द्रलाई यस दफा बमोजिम प्रदान गरिने सेवा सुविधाका अतिरिक्त प्रचलित कानून बमोजिमका अन्य सेवाहरु प्रदान गर्ने गरी तोक्न सकिनेछ ।

## २.४ विदेशी लगानीमा उद्योग सञ्चालन गर्दा पुरा गर्नु पर्ने प्रकृया

- विदेशी लगानी स्वीकृति
    - नयाँ विदेशी लगानी
    - शेयर खरिद बिक्री संझौता

        - प्रविधि हस्तान्तरण संझौता
- कम्पनी दर्ता
- स्थानीय तहमा दर्ता र सिफारिस
- PAN, VAT दर्ता
- उद्योग दर्ता
    - संक्षिप्त वातावरणीय प्रभाव मूल्यांकन
    - आवश्यकतानुसार वातावरणीय प्रभाव मूल्यांकन
    - आवश्यकतानुसार अनुमति तथा इजाजत
- नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी बापतको विदेशी मुद्रा भित्र्याउन स्वीकृति
- उद्योग संचालन र सोको जानकारी गराउने ।


अध्याय तीन

# नेपालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम-कार्यवाहीको अवस्था

## ३.१ विदेशी लगानीको अवस्था

उद्योग विभागबाट मिति २०७७।५।८ सम्म स्वीकृत भएका प्रत्यक्ष विदेशी लगानी परियोजनाहरुको कूल संख्या ५१३३ रहेको र सो बापत करिब रु. ३ खर्ब ४१ अर्ब ६४ करोड विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको देखिन्छ । सोही अवधिमा लगानी बोर्ड नेपालमा १४ परियोजना स्वीकृत भई करिब रु. ७ खर्ब ४८ अर्ब विदेशी लगानी प्रतिबद्धता भएको देखिन्छ । त्यस्तैगरी, सो अवधिमा नेपाल राष्ट्र बैंकमा लेखांकन भएको विदेशी लगानीको रकम रु. ८४ अर्ब मात्रै रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा समाविष्ट गरिएको छ ।

### क) नेपालमा विदेशी लगानी – पछिल्लो एक दशकको अवस्था





*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

विगत एक दशकमा विदेशी लगानीको प्रवृत्ति विश्लेषण (Trend Analysis) गर्दा आ.व. २०७१।७२ मा सबैभन्दा बढी रु. २५३ अर्ब ५२ करोड विदेशी लगानी स्वीकृत भएको थियो । आ.व. २०७३।७४ पछि विशेषः राजनीतिक स्थिरता, लगानी वातावरणमा भएको सुधार जस्ता अर्थतन्त्रमा आएका सकारात्मक परिवर्तनका कारणले विदेशी लगानी प्रतिबद्धता बढ्दो क्रममा रहेको देखिन्छ ।

ख) विदेशी लगानी प्रतिबद्धता स्वीकृत भएका प्रमुख मुलुकहरू:

आ.व. २०७६।७७ को अन्त्यसम्ममा उच्च विदेशी लगानी प्रतिबद्धता भएका मुख्य मुलुकहरू:

| S.N. | Country | Number of Projects | Total Amount of Foreign Investment (Rs.in 10 Crore) |
|---|---|---|---|
| 1 | China (including Taiwan) | 1,711 | 1,486 |
| 2 | India | 798 | 978 |
| 3 | UK | 200 | 155 |
| 4 | USA | 418 | 134 |
| 5 | South Korea | 357 | 126 |
| 6 | UAE | 25 | 45 |
| 7 | Singapore | 52 | 46 |
| 8 | Mauritius | 11 | 34 |
| 9 | Canada | 47 | 33 |
| 10 | Japan | 275 | 32 |
| 11 | Others | 1,158 | 261 |
| Total | | 5052 | 3330.57 |





*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

यसरी हेर्दा चीनबाट सबैभन्दा बढी १७११ Projects बाट झण्डै १५ अर्बको लगानी प्रतिबद्धता देखिन्छ भने भारतका ७९८ उद्योगहरुबाट झण्डै १० अर्बको लगानी प्रतिबद्धता देखिन्छ । *(उद्योग विभागमा दर्ता भएका उद्योगहरूको मात्र)*


ग) क्षेत्रगत रूपमा लगानी स्वीकृतिको प्रकृतिः

१) **Projects** स्वीकृतिको अवस्था (शुरूदेखि आ.व. २०७६।७७ को अन्तयसम्ममा)




*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

माथिको वृत्त चित्र हेर्दा सबैभन्दा बढी १६६० सेवा क्षेत्रमा उद्योगहरु स्वीकृत भएको देखिन्छ भने सबैभन्दा कम पूर्वाधार क्षेत्रमा ४६ उद्योगहरु स्वीकृत भएको देखिन्छ । *(उद्योग विभागमा दर्ता भएका उद्योगहरूको मात्र)*





*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

क्षेत्रगत लगानी स्वीकृतिको अवस्था (शुरूदेखि आ.व. २०७६।७७ को अन्तयसम्ममा)

माथिको वृत्त चित्र हेर्दा ऊर्जामूलक क्षेत्रमा सबैभन्दा बढी १ खर्ब २९ अर्व विदेशी लगानी स्वीकृत भएको देखिन्छ भने सबैभन्दा कम खानीजन्य क्षेत्रमा ८ अर्व लगानी स्वीकृत भएको देखिन्छ । *(उद्योग विभागमा दर्ता भएका उद्योगहरूको मात्र)*

घ) प्रदेशगतरूपमा विदेशी लगानी भएका उद्योगहरूको अवस्था

| Province | Small | Medium | Large | Total |
|---|---|---|---|---|
| Province No. 1 | 60 | 43 | 25 | 128 |
| Province No. 2 | 84 | 36 | 41 | 161 |
| Bagmati province | 3557 | 388 | 173 | 4118 |
| Gandaki Province | 363 | 29 | 44 | 436 |
| Province No. 5 | 37 | 18 | 19 | 74 |
| Karnali province | 73 | 11 | 4 | 88 |
| Sudur Paschim Province | 41 | 1 | 5 | 47 |
| **Total** | 4215 | 526 | 311 | 5052 |





*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

प्रदेशगतरूपमा सबैभन्दा बढी बागमती प्रदेशमा ४११८ विदेशी लगानी भएका उद्योगहरु दर्ता हुँदा सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ४७ वटा विदेशी लगानी भएका उद्योगहरु दर्ता भएको देखिन्छ । *(उद्योग विभागमा दर्ता भएका उद्योगहरूको विवरणको आधारमा )*

ङ) विदेशी लगानी भएका उद्योगहरुको अवस्था : शुरूदेखि हालसम्म

| Time Period | Before 2038 BS | 2038-2049 BS | 2049-2063 BS | 2063-2076 BS |
|---|---|---|---|---|
| No of Industries | 10 | 145 | 949 | 3776 |
| Total Investment Rs in Crore | 38 | 180 | 2760 | 26465 |





*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

च) विदेशी लगानी  भएका उद्योगहरुको अवस्थाः वि.सं. २०४९ पछिको

प्रति ५ वर्षको फरकमा विदेशी लगानी  भएका उद्योगहरु स्वीकृति तथा लगानी प्रतिबद्धताको प्रवृत्ति हेर्दा आ.व. २०५० देखि उद्योग दर्ता र सो को लगानी प्रतिबद्धता निरन्तर वृद्धि भएको देखिन्छ। *(उद्योग विभागमा दर्ता भएका उद्योगहरूको विवरणको आधारमा)*

| Time Period | 2050-2055 BS | 2055-2060 BS | 2060-2065 BS | 2065-2070 BS | 2070-2076 BS |
|---|---|---|---|---|---|
| No of Industries | 258 | 370 | 662 | 1158 | 2169 |
| Total Investment (Rs in Crore) | 847 | 909 | 2005 | 5765 | 19929 |





*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

यसरी हेर्दा आ.व. २०६३ देखि उद्योग दर्ता र सो को लगानी प्रतिबद्धता गुणात्मक रूपमा वृद्धि भएको भएको देखिन्छ । *(उद्योग विभागमा दर्ता भएका उद्योगहरूको मात्र)*

छ) विदेशी लगानी भएका उद्योगहरुको अवस्था

| सि.नं. | आ.व. | प्रतिवद्धता लगानी रकम (उद्योग विभागमा) रु. अर्बमा | प्रतिवद्धता लगानी रकम (लगानी बोर्डमा) रु. अर्बमा |
|---|---|---|---|
| १ | २०६७/६८ सम्म | ७०.३६ | १११.३६ |
| २ | २०६८/०६९ | ७.१४ | ०.०० |
| ३ | २०६९/०७० | १९.८२ | ०.०० |
| ४ | २०७०/०७१ | २०.१३ | ६४.०१ |
| ५ | २०७१/०७२ | ६७.४६ | १८६.०७ |
| ६ | २०७२/०७३ | १५.२५ | ५७.९० |
| ७ | २०७३/०७४ | १५.२१ | ०.०० |
| ८ | २०७४/०७५ | ५५.७७ | ०.०० |
| ९ | २०७५/०७६ | २५.४८ | १६५.७४ |
| १० | २०७६/०७७ | ३८.८८ | १६३.४६ |
| | कूल | ३३५.४८४ | ७४८.५४ |




*(मिति २०७७।५।८ सम्मको तथ्यांकमा आधारित)*

माथिको विवरणबाट शुरूदेखि आ.व. २०७६।७७ को अन्त्यसम्मा उद्योग विभागमा ३ खर्ब ३५ अर्बको लगानी प्रतिवद्धता आउँदा लगानी बोर्डबाट ७ खर्ब ४८ अर्बको लगानी प्रतिवद्धता सहित हालसम्म झण्डै १० खर्ब ८४ अर्बको लगानी प्रतिवद्धता भएको भएको देखिन्छ ।

## ३.३ विदेशी लगानीको लेखांकन

विदेशी लगानीको  लेखांकन नेपाल राष्ट्र बैंकबाट हुने व्यवस्था रहेको छ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १० (क) मा प्रचलित कानून बमोजिम कुनै व्यक्तिले विदेशमा लगानी गर्दा वा विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्दा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम गर्नु पर्नेछ भन्ने उल्लेख रहेको छ। उपरोक्त व्यवस्था बमोजिम विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्ने सम्बन्धमा तोकिएका कागजातहरु सहित नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्ने गरी मिति २०६९।१०।९ र मिति २०७०।०५।२६ मा सूचना प्रकाशन भैसकेको छ। साथै, नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई वा सम्बन्धित सरकारी निकायबाट मात्र स्वीकृति लिई भित्रिएको विदेशी लगानी लेखाङ्कन/समर्थन गराउन देहायका कागजात सहित निवेदन पेश गर्न मिति २०७३।१२।३१ मा समेत सार्वजनिक सूचना प्रकाशन भएको छ ।

(क) विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट प्राप्त स्वीकृति पत्र ।

(ख) लगानी लेखाङ्कन गराउने सम्बन्धमा संस्थाको निर्णय ।

(ग) यस बैंकबाट विदेशी मुद्रा भित्र्याउन प्राप्त स्वीकृति (स्वीकृति लिएको भएमा) ।

(घ) विदेशी लगानी नेपाल भित्रिएको सम्बन्धमा सम्बन्धित बैंकबाट जारी भएको लगानीको प्रमाणपत्र वा प्रमाण ।

(ङ) लगानी भित्र्याउने फर्म-कम्पनी-संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण ।

(च) प्रबन्धपत्र तथा नियमावली, व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, अद्यावधिक कर चुक्ता गरेको प्रमाणपत्र ।

(छ) व्यवसाय संचालन गर्न सम्बन्धित निकायबाट इजाजत लिनुपर्ने भएमा त्यस्तो इजाजतपत्र ।

(ज) विदेशी लगानीकर्ता फर्म-कम्पनीको दर्ता प्रमाणपत्र र व्यक्तिको हकमा राहदानी वा त्यस्तै प्रकृतिका पहिचान खुल्ने कागजात ।

(झ) लगानी गर्ने सम्बन्धमा विदेशी लगानीकर्ता फर्म, कम्पनीको निर्णय ।

(ञ) लगानी भित्र्याउने संस्थाको लेखापरीक्षण भएको अद्यावधिक वित्तीय विवरण ।

(ट) लगानी गर्ने विदेशी संस्थाको हकमा लेखापरीक्षण भएको वित्तीय विवरण ।

(ठ) कम्पनी रजिष्ट्रारको कार्यालयद्वारा प्रमाणित अद्यावधिक शेयरधनी दर्ता किताब ।

(ड) यस बैंकले आवश्यक ठानी माग गरेका स्रोत खुल्ने कागजात तथा अन्य विवरण ।

यस बाहेक अन्तिम हिताधिकारीको परिचय खुल्ने कागजात र अन्य विवरण आवश्यक पर्नेछ । उक्त उल्लेखित व्यवस्था बमोजिम मिति २०७७।०८।१० सम्म नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार देहाय बमोजिम विदेशी लगानीको लेखांकन भएको देखिन्छ ।

| सि.नं. | आ.व. | स्वीकृति संख्या | स्वीकृति/समर्थन प्रदान गरिएको रकम (ने.रु.) | लेखांकन गरिएको संख्या | लेखांकन भएको रकम (ने.रु.) |
|---|---|---|---|---|---|
| १ | २०६६/०६७ | १ | ९७,०००,७००.०० | १ | ९७,०००,७००.०० |
| २ | २०६८/०६९ | १८ | ३,५११,२८२,६१६.५० | ७ | ६०९,११८,१३१.७३ |
| ३ | २०६९/०७० | ५४ | ५,३४८,८९६,६००.०० | २७ | ३,०६१,६६५,८४१.१५ |
| ४ | २०७०/०७१ | ७६ | १४,४८०,९७२,१००.४० | ३९ | ५,४८५,५५६,२५८.९० |
| ५ | २०७१/०७२ | ७० | १०,०६३,०७४,४१०.६० | ४७ | ५,०५१,७६५,११५.२९ |
| ६ | २०७२/०७३ | ६९ | ३७,४९६,३०५,०८७.९५ | २९ | ४,०४६,१२२,४०९.४० |
| ७ | २०७३/०७४ | ९६ | १८,२४३,१३७,२००.०० | ४३ | ५,८६०,२३२,२४६.७५ |
| ८ | २०७४/०७५ | १७६ | २४,४१९,०२८,८३१.२५ | ४६ | ८,०६१,४०४,१४६.०६ |
| ९ | २०७५/०७६ | ३५३ | ३६,४१०,२०३,१३६.२५ | ९३ | ३१,९७२,७२०,६५५.३१ |
| १० | २०७६/०७७ | १४१ | ११,४४१,७३७,६४१.५५ | ८० | १४,०७३,१३८,११२.८५ |
| ११ | २०७७/०७८ | ३५ | ९,२४६,८२७,३००.०० | ३० | ११,०११,९०५,४२१.०० |
| | Total | १०८९ | १७०,७५८,४६५,६२४.५० | ४४२ | ८९,३३०,६२९,०३८.४४ |

## ३.४ विदेशी लगानीबाट आर्जित मुनाफा तथा विदेशी लगानी फिर्ता सम्बन्धी व्यवस्था

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २० मा विदेशी लगानी बापतको लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ।

(१) विदेशी लगानीकर्ताले चाहेमा प्रचलित नेपाल कानून बमोजिम आफ्नो लगानीको शेयर वा उद्योग पूर्ण वा आंशिक रुपमा बिक्री गरी प्रचलित नेपाल कानून बमोजिम लाग्ने सबै कर भुक्तानी गरी नेपालबाट आफ्नो लगानी फिर्ता लैजान पाउनेछ ।

(२) विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य परिवर्त्य विदेशी मुद्रामा प्रचलित कानून बमोजिमको कर सम्बन्धी दायित्व पुरा गरी देहाय बमोजिमको रकम फिर्ता लैजान पाउनेछः–

- (क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम ।
- (ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम ।
- (ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम ।
- (घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी) बापतको रकम ।

  तर शतप्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपयोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम प्रचलित कर बाहेकको कुल बिक्री मूल्यको तोकिए बमोजिमको पाँच प्रतिशत भन्दा बढी हुने छैन ।
- (ङ) लिज लगानी अन्तर्गत लिज (लिज रेन्ट) रकम ।
- (च) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानूनी प्रकृयाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपूर्ति बापतको रकम ।
- (छ) प्रचलित कानून बमोजिम फिर्ता लैजान पाउने रकम ।

(३) उपदफा (१) वा (२) बमोजिम परिवर्त्य विदेशी मुद्रामा रकम फिर्ता लैजादा प्रचलित विनिमय दरमा सटही गरी लैजानु पर्नेछ ।

(४) कुनै विदेशी लगानीकर्ताले नेपालको चल वा अचल सम्पत्ति धितो वा बन्धक लिई कुनै उद्योग वा कम्पनीलाई ऋण दिएकोमा त्यस्तो ऋणको साँवा वा ब्याज रकम भुक्तानी नभएको कारणबाट धितो वा बन्धक दिएको चल वा अचल सम्पत्ति लिलाम बिक्री वा जफत गर्नु परेमा त्यस्तो ऋणदिने संस्थाले प्रचलित कानून बमोजिम नेपालको बैंक वा वित्तिय संस्था सरह लिलाम बिक्री गरी ऋणको साँवा ब्याज फिर्ता लैजान सक्नेछ ।

(५) लिज सम्झौता बमोजिम भुक्तानी नभएको वा सम्झौताको शर्त उल्लघन भएको कारणबाट लिज सम्झौता अन्त्य भएमा विदेशी लगानीकर्ताले आफ्नो लगानी र लिजमा लगानी गरेको सम्पत्ति फिर्ता लैजान सक्नेछ ।

(६) यस दफा बमोजिम विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहने विदेशी लगानीकर्ताले स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा विदेशी लगानी स्वीकृत गर्ने निकाँयमा निवेदन दिनुपर्नेछ ।

तर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने सम्बन्धी स्वीकृति दिने अधिकार एकल विन्दु सेवा केन्द्रलाई प्रदान गरेमा त्यस्तो निवेदन एकल विन्दु सेवा केन्द्रमा दिनु पर्छ ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा विदेशी लगानीकर्ताले यस ऐन, प्रचलित कानून तथा विदेशी लगानी सम्बन्धमा भएको सम्झौता बमोजिमका शर्त र दायित्व पुरा गरेको देखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने स्वीकृति दिनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वीकृति प्राप्त भएपछि विदेशी लगानीकर्ताले विदेशी मुद्राको सटही सुविधाको लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम स्वीकृति प्राप्त भएपछि नेपाल राष्ट्र बैंकले विदेशी लगानीकर्तालाई विदेशी लगानी फिर्ता लैजान सटहीको सुविधा उपलब्ध गराउनेछ ।

(१०) विदेशी लगानी भएको कुनै उद्योग पूर्ण वा आंशिक रुपमा बिक्री गरी वा कुनै कारणले उद्योग वा कम्पनीको दर्ता खारेज भई लगानी रकम फिर्ता लैजाने भएमा त्यस्तो उद्योगले भुक्तानी वा फरफारक भएपछि मात्र बाँकी रकम फिर्ता लैजान पाउनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी लगानीकर्ताले यस ऐन बमोजिम कुनै उद्योगमा गरेको विदेशी लगानी वा सोबाट आर्जित मुनाफा फिर्ता लैजादा निजको सम्बन्धित कम्पनीमा रहेको लगानीको हिस्साको अनुपातको हदसम्म मात्र त्यस्तो लगानी वा मुनाफा फिर्ता लैजान पाउनेछ ।

(१२) कुनै विदेशी लगानीकर्ताले आफ्नो लगानी रकम फिर्ता लैजाने सन्दर्भमा त्यस्तो स्वीकृति दिने निकायले गरेको निर्णय उपर चित्त नबुझेमा मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ । मन्त्रालयले त्यस्तो निवेदन उपर तीस कार्यदिन भित्र निर्णय गरी सक्नुपर्नेछ ।

## बिगत आठ बर्षको विदेशी लगानी फिर्ताको अवस्थाः

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार देहाय बमोजिम विदेशी लगानीको बापतको लाभांश तथा विदेशी लगानी फिर्ताको लागि स्वीकृति प्रदान गरिएको देखिन्छ ।

| S.N. | F/Y | No.of Approvals | Dividend | No.of Approvals | Equity Sale |
|---|---|---|---|---|---|
| १ | २०७०/०७१ | - | ७,८१६,०८७,८८५.७५ | - | - |
| २ | २०७१/०७२ | - | ५,७१८,५६२,७५३.२५ | - | ९०,९८५,०९४.०० |
| ३ | २०७२/०७३ | - | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६,२१४,०९३,७२८.१७ | - | ६३६,३२२,०७०.५५ |
| ४ | २०७३/०७४ | - | १७,१०२,५९८,५७८.३९ | - | - |
| ५ | २०७४/०७५ | - | ३९,५३०,४२४,६७९.९९ | - | १,७०२,९११,१२४.०१ |
| ६ | २०७५/०७६ | ३२ | २७,७८२,९९४,९६९.७४ | ६ | १,५१२,०९९,१३४.९२ |
| ७ | २०७६/०७७ | ४० | १२,९०३,०८६,३३३.४२ | ० | - |
| ८ | २०७७/०७८ * | १२ | १८,२३७,२९९,०६५.०७ | २ | ४११,२६२,८९२.३८ |
| Total | | ८४ | १३५,३०५,१४७,९९३.७८ | ८ | ४,३५३,५८०,३१५.८६ |

* Data up to Mangsir १०, २०७७ (स्रोत: नेपाल राष्ट्र बैंक)

## ३.५ विदेशी लगानीकर्ताहरुलाई प्रदान गरिएका सुविधाहरु

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को परिच्छेद-५ मा विदेशी लगानीमा स्थापना भएका उद्योग वा विदेशी लगानीकर्तालाई प्रदान गरिने छुट, सुविधा र सहुलियत सम्बन्धमा देहाय बमोजिम सुविधाहरुको व्यवस्था छ ।

- प्रचलित औद्योगिक व्यवसाय ऐन र अन्य प्रचलित कानून बमोजिम हुने छुट, सुविधा वा सहुलियत
- विदेशी मुद्राको सुविधा
- विदेशी विशेषज्ञ, उच्च प्राविधिक र व्यवस्थापकीय कर्मचारी सम्बन्धी व्यवस्था
- औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था
- परिचयपत्रको सुविधा
- भिसा सुविधा
- हदबन्दी भन्दा बढी जग्गा आवश्यक पर्ने भएमा आवश्यक सिफारिस, समन्वय र सहजीकरण
- राष्ट्रियकरण वा अधिग्रहण नगरिने
- पाएको शर्त तथा सेवा सुविधामा परिवर्तन नहुने ।

## ३.६ भिसा सिफारिस सम्बन्धी व्यवस्था

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम उद्योग विभाग एकल विन्दु सेवा केन्द्रबाट देहाय बमोजिम भिसा सिफारिस भइरहेको छः

- व्यवसायिक भिसा- विदेशी लगानीकर्ता र निजका आश्रितहरु एवं विदेशी लगानीकर्ताका आधिकारिक प्रतिनिधि र निजका आश्रितहरुका लागि ।
- गैह्र पर्यटक भिसा- विदेशी लगानी भएका उद्योगमा कार्यरत विदेशी कामदार र निजका नाबालक आश्रितहरुका लागि ।
- यस बाहेक अन्य भिसा सिफारिसका प्रावधानहरु ऐनमा उल्लेख भएको । साथै, मिति २०७७।९।२७ गतेदेखि कार्यान्वयनमा आएको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ बमोजिमका प्रावधानहरुका आधारमा भिसा सिफारिस हुने गरेको छ ।

## ३.७ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ कार्यान्वयनका क्रममा देखिएका समस्याहरु

१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको प्रविधि हस्तान्तरणको परिभाषा बमोजिम नेपाली संस्था, कम्पनी, फर्म तथा उद्योगले विदेशी सेवा प्रदायक संस्था, कम्पनी, फर्म तथा उद्योगसंग लिने सम्पुर्ण सेवाहरु प्रविधि हस्तान्तरण अन्तर्गत पर्ने देखिन्छ। सामान्यतया प्रविधि हस्तान्तरणमा कुनै ज्ञान, सीप, प्रविधि एक पक्षबाट अर्को पक्षमा हस्तान्तरण भएको हुनुपर्ने भएपनि विद्यमान ऐन बमोजिम विदेशबाट हुने सेवा खरिद पनि प्रविधि हस्तान्तरण अन्तर्गत नै पर्ने देखिएकोले कार्यान्वयनमा जटिलता रहेको।

२. विदेशी लगानी भएका कम्पनीको एकल उद्देश्य हुनु पर्ने वा नपर्ने सम्बन्धमा अस्पष्टता रहेको तथा एउटै कम्पनीका फरक-फरक उद्योग दर्ता गर्ने सम्बन्धमा पनि स्पष्टता नभएको ।

३. विद्यमान ऐनको दफा २० को उपदफा २ (ग) मा उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात् सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी हुन आउने रकम फिर्ता लैजान पाउने व्यवस्था रहेको भए तापनि सोको कार्यान्वयन लिक्विडेटरको प्रतिवेदन पछि दिन सकिने वा नसकिने तथा कम्पनी खारेजी वा लिक्विडेसनका लागि नेपाल राष्ट्र बैंकको लेखांकन आवश्यक पर्ने वा नपर्ने सम्बन्धमा द्विविधा रहेको ।

४. सबै प्रकारका लगानीका क्षेत्रका लागि विदेशी लगानीको एउटै न्यूनतम सीमा रु ५ करोड तोकिएकोमा व्यवहारिक नरहेको ।

५. विद्यमान ऐन बमोजिम रु. ६ अर्ब सम्मको लागि विदेशी लगानी स्वीकृत गर्ने निकायको रुपमा उद्योग विभाग तथा रु. ६ अर्ब भन्दा माथिको विदेशी लगानी स्वीकृत गर्ने निकायको रुपमा लगानी बोर्डको कार्यालय रहेको छ । उद्योग विभागमा दर्ता नहुने उद्योगको हकमा तथा छुटै नियमनकारी निकायहरुको कार्यक्षेत्रभित्र पर्ने कम्पनी (जस्तै बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, धितोपत्रसँग सम्बन्धित व्यवसाय गर्ने आदि)मा हुने विदेशी लगानीको सम्बन्धमा विदेशी लगानीको स्वीकृति प्रदान गर्ने उद्योग विभाग तथा लगानी बोर्डको कार्यालयको स्वीकृति आवश्यक पर्ने वा नपर्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएको ।

६. गैह्र आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ बमोजिम गैह्र आवासीय नेपाली नागरिकले गर्ने विदेशी लगानीको सम्बन्धमा व्यवस्था रहेको कारणले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ कार्यान्वयनमा समस्या उत्पन्न भएको ।

७. प्रचलित कम्पनी ऐनको प्रावधान बमोजिम विदेशी कम्पनीको शाखा कार्यालय खोल्ने व्यवस्था विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५को दफा ३ र ८ अन्तर्गतको विदेशी लगानी गर्न सक्ने प्रावधान अनुकूल नरहेको ।

८. विदेशी लगानीकर्तालि लगानी खारेजी गर्न चाहेको अवस्थामा सो सम्बन्धमा स्पष्ट प्रावधान ऐनमा नभएको ।

९. ऐनको दफा ५ मा उल्लेखित उद्योगको जायजेथा सम्बन्धी व्याख्या नभएकाले सोको कार्यान्वयनमा अस्पष्टता सृजना भएको ।

१०. विदेशी लगानीकर्तालि अग्राधिकार शेयरमा लगानी गर्दा सो सम्बन्धमा मापदण्ड नभएकोले कार्यसम्पादनमा द्विविधा रहेको ।

११. विदेशी लगानी ऐन, २०३८ जारी हुनु भन्दा पहिले विदेशी नागरिकले गरेको लगानीको सम्बन्धमा उक्त लगानीलाई विदेशी लगानी सरह मान्यता दिने सम्बन्धमा अस्पष्टताका कारण त्यस्ता लगानीको लेखांकन गर्न कठिनाई रहेको ।

१२. औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २२८ औं बैठकको निर्णय बमोजिम विदेशी लगानी भएको उद्योगको शेयर खरिद बिक्री गर्दा अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकबाट लेखांकन भएको हुनुपर्ने देखिएकोले विगतमा भएका कतिपय विदेशी लगानी भित्र्याएको प्रमाण

नभएको तथा नेपालमै आर्जन गरी लगानी गरिएको भएतापनि शेयर लगत अभिलेख भइसकेको तर नेपाल राष्ट्र बैंकमा लेखांकन हुन नसकेकोले विदेशी लगानीकर्ताले शेयर खरिद बिक्री तथा शेयरको नामसारी गर्न समस्या रहेको ।

१३. विदेशी लगानी रहेको कम्पनी तथा उद्योगको शेयर खरिद बिक्री गर्ने सम्बन्धमा शेयरको मूल्यांकन गर्ने विषयमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनमा स्पष्ट व्यवस्था रहेको तर विद्यमान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा कम्पनी ऐन, २०६३ मा कुनै व्यवस्था नभएकोले विदेशी लगानी भएको कम्पनीको शेयर खरिद बिक्रीमा समस्या हुने गरेको ।

१४. ऐनको दफा १९ बमोजिम नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ता कम्पनीको शेयर बेच बिखनका सम्बन्धमा उल्लेख भएको तर उक्त लगानीकर्ता कम्पनीमा अर्कै कुनै कम्पनीको शेयर लगानी रहेको र सो कम्पनी बेच बिखन हुँदा (दुई भन्दा बढी तहमा लगानी देखिएमा) विभागमा जानकारी गराउनु पर्ने वा नपर्ने सम्बन्धमा स्पष्टता नभएको ।

१५. विद्यमान ऐनको दफा १२ मा विदेशी ऋणका सम्बन्धमा मन्त्रालयको सहमती र नेपाल राष्ट्र बैंकको स्वीकृति प्रदान गर्ने उल्लेख रहेको । तर, यसै बमोजिम अन्य प्रचलित कानूनमा व्यवस्था नभएकोले द्विविधा भएको ।

१६. ऐनको दफा २ (ट) मा उल्लेखित अन्तिम हिताधिकारीका सम्बन्धमा विदेशी लगानीकर्ता कम्पनी पब्लिक कम्पनी वा धेरै संख्यामा शेयरधनीहरु भएको अवस्थामा कुन तहसम्म हिताधिकारीको यकिन गर्ने भन्ने समस्या रहेको ।

१७. एकल विन्दु सेवा केन्द्रमा खटी आउने कर्मचारीहरुलाई सम्बन्धित निकायबाट पर्याप्त अधिकार प्रत्यायोजन नभएको र कार्य सञ्चालन कार्यविधिको अभावका कारण अन्तर निकाय समन्वय र कार्य सम्पादनमा कठिनाई उत्पन्न भएको ।

१८. विदेशी लगानीसँग सम्बन्धित सरकारी निकायहरु उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, लगानी बोर्डको कार्यालय तथा नेपाल राष्ट्र बैंक लगायत अन्य सरकारी निकायहरुमा विद्युतीय प्रणालीको विकास भइनसकेकोले सेवाग्राहीहरु अझ पनि भौतिक रुपमा नै उपस्थित हुनुपर्ने र कागजात पेश गर्नुपर्ने भएकोले शीघ्र सेवा प्रवाह गर्न कठीन भएको।

१९. विदेशी लगानी तथा ऋण भित्राउने सन्दर्भमा Country Sovereign Credit Rating नभएको तथा परिवर्त्य विदेशी मुद्राको विनिमयदरमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिम न्युनीकरण गर्नका लागि हेजिङ्ग सुविधा उपलब्ध नभएको कारणले विदेशी लगानीमा संचालित परियोजनाहरुलाई कोषको व्यवस्थापन गर्न गुनासो आउने गरेको ।

२०. विदेशी लगानीको स्वीकृत प्रतिबद्धता रकम र वास्तविक रुपमा भित्रिएको रकममा ठुलो अन्तर रहेको ।

२१. ऐनको दफा १५(३)मा व्यव्स्था भए बमोजिम उद्योगले मात्र पुर्नलगानी गर्ने व्यवस्था रहेको छ, लगानीकर्ताले आफ्नो आर्जित नाफा पुर्नलगानी गर्न चाहेमा गर्ने अवस्था देखिदैन ।

२२. ऐनको दफा १९(१) बमोजिम विदेशी लगानीकर्ताले आफ्नो नाममा कायम शेयर बिक्री गर्न चाहेमा विदेशमै विभागको पूर्व स्वीकृती विना बिक्री गर्न सकिने अवस्था देखिन्छ ।सो व्यवस्थाले ऐनको दफा १५ को आशय पूरा नहुने देखिन्छ । साथै सोही ऐनको दफा १९(२) को व्यवस्था अनुसार लगानीकर्ता विदेशी कम्पनी भएमा सो वा सोको शेयर वेचिवखन विदेशमा हुदा नेपालमा जानकारी गराउनु पर्ने व्यवस्था रहेकोमा उक्त दफाले लगानीकर्ताले नेपालमा गरेको लगानीको कारोबार समेत विदेशमा गर्न सक्ने/नस्कने सम्बन्धमा द्विविधा देखिन्छ ।

२३. ऐनको व्यवस्था अनुसार शत प्रतिशत लगानी विदेशी लगानीकर्ताले गर्न सक्ने छ। तर अन्य नियामक निकायको नियम/व्यवस्था अनुसार कतिपय क्षेत्रमा शतप्रतिशत विदेशी लगानी गर्न पाइदैन ।जस्तैः क्यासिनो, हवाई उड्डयन, दुरसचार आदी ।

२४. ऐनको दफा १७ अनुसार रु. छ अर्ब सम्मको विदेशी लगानी स्वीकृति उद्योग विभागले गर्न सक्ने व्यवस्था रहेको र सार्वजनिक नीजि साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ३ अनुसार छ अर्ब रुपैंयाँ वा सो भन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृति लगानी बोर्डबाट हुनेछ भन्ने व्यवस्था रहेकोमा विदेशी लगानी रु. छ अर्ब सम्मको तर परियोजना लागत रु. छ अर्बभन्दा बढी भएमा लगानी स्वीकृतिको क्षेत्राधिकार स्पष्ट नभएको अवस्था छ ।

## ३.९ नेपालमा विदेशी लगानीको समीक्षा

माथि उल्लेखित विवरण र आंकडाहरुको समग्र विश्लेषण गर्दा नेपालमा वि.सं २०३८ बाट औपचारिक रुपमा विदेशी लगानी भित्रिन थालेको देखिन्छ । विश्वव्यापी आर्थिक उदारीकरणको नीतिलाई अख्तियार गर्दै विदेशी पूँजी र प्रविधि मार्फत् देशको औद्योगिकीकरणको गतिलाई तीव्रता दिन आठौं योजनापछिका सबै आवधिक योजनाहरुले दिगो, फराकिलो र उच्च आर्थिक विकास तथा रोजगारी सिर्जनाका लागि विदेशी लगानीलाई आर्कषित र प्रोत्साहन गर्ने नीति लिएको पाईन्छ। विदेशी लगानीलाई व्यवस्थित गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ जारी भई सोही बमोजिम विदेशी लगानीलाई आर्कषित र सुनिश्चित गर्नका लागि फ्रान्स, बेलायत, मौरिसस, फिनल्याण्ड, र भारत गरी ६ वटा देशहरुसँग बिप्पा सम्झौता भयो । दश भन्दा बढी मुलुकहरुसँग दोहोरो करमुक्तिका लागि संझौता पनि भएको छ । विदेशी लगानी आकर्षित गर्न लगानीको सुरक्षा र लगानीको प्रतिफल फिर्ता लैजाने व्यवस्थाको प्रत्याभूतिका लागि नेपाल विश्व बैंकको भातृ संगठन बहुपक्षीय लगानी सुनिश्चित नियोग (मिगा) को सदस्य बनेको छ । यसका अतिरिक्त, विदेशी लगानीसम्वन्धी विवाद समाधानका लागि अन्तर्राष्ट्रिय व्यापार कानून सम्वन्धी संयुक्त राष्ट्रसंघीय आयोगको पनि नेपाल सदस्य रहेको छ ।

नेपालमा विदेशी लगानीलाई आकर्षित र प्रोत्साहित गर्नका लागि उदारवादलाई अंगीकार गर्दै औद्योगिक नीति, व्यापार नीतिमा सुधार गरी विदेशी लगानीमैत्री बनाइएको छ । विदेशी लगानी नीति, २०७१ कार्यान्वयनमा ल्याइएको छ । श्रम ऐन, २०४८ मा सुधार गरी श्रमिक, सरकार र उद्योगपतिबीचको औद्योगिक सम्वन्धलाई सौहार्द बनाइएको छ । यसका अलावा दामाशाही (इनसोल्भेन्सी) ऐन २०६४, निजीकरण ऐन २०५०, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन २०६३, विशेष आर्थिक क्षेत्र ऐन २०७३, उपभोक्ता संरक्षण ऐन २०७५, औद्योगिक व्यवसाय ऐन, २०७६को व्यवस्था समेत गरिएको छ ।

उद्योग व्यापारलाई राष्ट्रियकरण नगरिने र वस्तुको मूल्य निर्धारणमा सरकारको हस्तक्षेप नहुने प्रतिवद्धता पनि विदेशी लगानी नीति, २०७१ ले गरेको छ । विदेशी लगानी तथा प्रविधि

हस्तान्तरण ऐन, २०७५ ले नकारात्मक सूचीमा परेका बाहेक सबै क्षेत्रलाई विदेशी लगानीका लागि खुला गरिएको छ । साथै, आर्थिक कूटनीति अवलम्वन गरी विश्वका देशहरुमा नेपालको आर्थिक नीति तथा लगानी वातावरणको प्रचार– प्रसार गरी देशमा विदेशी लगानी ल्याउन सक्रिय बनाइएको छ भने लगानी परियोजना सम्वन्धी कार्य गर्न अलग्गै निकायका रुपमा लगानी बोर्डको समेत व्यवस्था गरिएको छ । नेपालले विदेशी लगानीका लागि विशेष आर्थिक क्षेत्र (सेज) को स्थापना गरेको पनि छ ।

विद्यमान नीतिगत र कानूनी प्रावधानका कारण विगत दशकमा नेपालमा विदेशी लगानी प्रतिबद्धता घटबढ भएको देखिए तापनि आ. व. २०७३।७४ पछि विदेशी लगानी प्रतिबद्धता बढ्दै गएको देखिन्छ । हाल नेपालमा विदेशी लगानी बढी भित्र्याउने मुलुकहरुमा चीन, भारत, बेलायत, अमेरिका र दक्षिण कोरिया रहेका छन् । क्षेत्रगत रुपमा सबैभन्दा बढी सेवा क्षेत्रमा र सबैभन्दा कम पूर्वाधार क्षेत्रमा विदेशी लगानी भित्रिएको र उद्योगको वर्गीकरणका आधारमा सबैभन्दा बढी उर्जामूलक उद्योग र सबैभन्दा कम खनिज उद्योगमा लगानी आकर्षित भएको देखिन्छ । प्रदेशगत रुपमा सबैभन्दा बढी विदेशी लगानी भित्र्याउने बाग्मती प्रदेश र सबैभन्दा कम विदेशी लगानी भित्र्याउने प्रदेशमा सुदुर पश्चिम रहेको छ।

नेपालमा भएको विदेशी लगानीको लेखांकन नेपाल राष्ट्र बैंकले गर्ने गरेकोमा लेखांकन गराउने–प्रवृत्ति हालका वर्षहरुमा बढ्दै गएको देखिन्छ । यसका साथै नेपालमा विदेशी लगानीबाट आर्जित मुनाफा र विदेशी लगानी फिर्ता वर्षेनी बढ्दै गएको छ । विदेशी लगानीकर्ताहरुलाई भिसा, विदेशी मुद्रा, जग्गा सहजीकरण, प्रचलित औद्योगिक व्यवसाय ऐन र अन्य प्रचलित कानून बमोजिम हुने छुट, सुविधा वा सहुलियत लगायतका सुविधाहरु प्रदान गरिएको छ ।

संक्षेपमा, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को कार्यान्वयनमा आएसँगै देखिएका समस्याहरुलाई पहिचान गरी सोको प्रभावकारी रुपमा समाधान गर्दै गुणात्मक र संख्यात्मक रुपमा विदेशी लगानी भित्र्याई मुलुकले लिएको दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई हासिल गर्नु आजको आवश्यकता रहेको छ ।

## ३.१० विदेशी लगानीको हालको अवस्थाको विश्लेषण (SWOT Analysis)

| सकारात्मक पक्ष (Strengths) | अवसर (Opportunities) |
|---|---|
| • Tourism, including sports and adventure tourism, health tourism and cultural tourism<br>• A variety of niche agricultural and Agro-business activities<br>• Hydropower generation and infrastructure development generally<br>• Macroeconomic stability and a relatively liberal economy<br>• Low-cost workforce<br>• Substantial natural and cultural assets<br>• Small and accessible bureaucracy and a generally business-friendly Government | • Located between the two big markets in the world: China and India<br>• Recent trend of diversifying investments beyond borders<br>• IT-based services<br>• WTO membership<br>• MIGA and UNICTRAL membership<br>• DDA |
| **दुर्बल पक्ष (Weaknesses)** | **जोखिम (Threats)** |
| • Landlocked country<br>• Poor infrastructure and mostly unskilled workforce<br>• Absence of investment stimulus packages | • Risk of high capital flight<br>• Money laundering<br>• Chance of severe impact of global economic disorder |

अध्याय चार

# नेपालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम कार्यवाहीलाई थप प्रभावकारी बनाउन सुधारका क्षेत्रहरु

## ४.१ नीतिगत सुधारका क्षेत्रहरु

- केही क्षेत्रगत बैंकिङ्ग, बिमा, लगानी बोर्ड अन्तर्गत पर्ने परियोजनाहरु लगायतका क्षेत्रमा हुने विदेशी लगानीको पनि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५अन्तर्गत पर्ने गरी विदेशी लगानी स्वीकृतिको विषयलाई सम्बोधन गर्ने ।
- विदेशी लगानी सम्बन्धमा लागु हुने कम्पनी ऐन, औद्योगिक व्यवसाय ऐन, हेजिङ्गसंग सम्बन्धित कानून, विदेशी विनिमय सम्बन्धी कानून, दामासाही र लिक्वीडेशनसंग सम्बन्धित कानूनहरु लगायत अन्य सम्वद्ध कानूनहरुको संशोधन हुँदा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानूनसंग सामन्जस्यता कायम हुनुपर्ने ।
- विदेशी लगानीको न्यूनतम लगानीको सीमालाई क्षेत्रगत रुपमा वा स्तर अनुसार उपयुक्त हुने गरी पुनरावलोकन हुनुपर्ने । उदाहरणका लागि जलविद्युत क्षेत्रका लागि क्षमता अनुसारको लगानी सीमा, होटलमा स्तर (तारा), सफ्टवेयर सम्बन्धी उद्योगका लागि क्षमता अनुसारको लगानी सीमा आदि ।
- बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी विद्यमान कानूनमा परिमार्जन गरी एकीकृत ऐन बनाइनुपर्ने ।
- विदेशी लगानी कम भित्रिएको उद्योगको वर्ग, भौगोलिक क्षेत्र र स्थानीय साधनस्रोत उपयोग गर्ने निर्यातमूलक उद्योगहरुको पहिचान गरी त्यस्ता खालका विदेशी लगानीकर्तालाई प्रोत्साहन गर्न उपयुक्त हुने ।
- स्थानीय स्रोत साधन र सिपको उपयोग तथा प्रादेशिक सन्तुलन कायम हुने गरी रोजगारीमूलक र नवीनतम प्रविधि भित्र्याउने विदेशी लगानी प्रवर्द्धन गर्न थप छुट, सुविधाको व्यवस्था हुन उपयुक्त हुने ।
- प्रविधि हस्तान्तरण अन्तर्गत हुने संझौताको लागि नमूना खाका (Format) विभागबाट स्वीकृत गरी लागू गर्ने ।
- शेयर खरिद बिक्री मार्फत् विदेशी लगानी स्वीकृत गर्दा वा विदेशी लगानी बापतको रकम फिर्ता गर्दा कम्पनीको शेयर मूल्यांकनका सम्बन्धमा लेखापरीक्षकबाट प्रमाणित Due Diligence Audit (DDA) Report तोक्ने ।
- विदेशी लगानी भएका कम्पनीले आर्जित मुनाफा मार्फत् नेपालका स्वेदशी कम्पनीमा लगानी गर्ने सम्बन्धमा नीतिगत व्यवस्था हुन उपयुक्त हुने ।

- हाल सम्म भएको बिदेशी लगानीको प्रतिवद्धता र वास्तविक रुपमा हुन अएको विदेशी लगानीको अध्ययन गरिनु पर्ने ।
- सफल विदेशी लगानीका क्षेत्रहरु पहिचान गरि तुलनात्मक लाभका लगानीका क्षेत्रको रोष्टर बनाउनु पर्ने ।

## ४.२ संरचनागत सुधारका क्षेत्रहरु

- एकल बिन्दु सेवा केन्द्रलाई थप प्रभावकारी बनाउँदै विदेशी लगानी प्रर्वद्धनका लागि सम्बन्धित सबै सरकारी निकायहरुबीच प्रभावकारी समन्वय गर्न एकीकृत अनलाईन प्रणालीको विकास गरी प्रयोग गर्ने ।
- प्रदेशमा दर्ता भएका उद्योगहरुमा विदेशी लगानी गर्नु पर्दा प्रदेश मन्त्रालयको सिफारिस लिनुपर्ने र बाँकी कार्य गर्न पुनः काठमाडौं आउनुपर्ने भएको हुदाँ प्रदेश मन्त्रालय र उद्योग विभाग बीच समन्वय र अनलाईनबाट नै कार्य गर्न सकिने गरी संरचनागत सम्वद्धता निर्माण गरिनु पर्ने ।
- उद्योग दर्ता र खारेजी एवं नियमन गर्ने निकायहरुबाट आवश्यक स्वीकृती लिनको लागि Digital Automation बाट लिन सकिने गरी प्रविधिमैत्री कार्य प्रणाली निर्माण गरी सेवा प्रवाह गर्नुपर्ने ।
- विशेष आर्थिक क्षेत्र, निर्यात प्रर्बद्धन क्षेत्र, अन्तरदेशीय आर्थिक क्षेत्र, आयोजना बैंकहरु तथा औद्योगिक क्लष्टरहरुको निर्माण एवं विकास गरिनु पर्ने ।

## ४.३ व्यवस्थापकीय सुधारका क्षेत्रहरु

- अनलाइन मार्फत शुरु भएको सेवा हाल अवरुद्ध भएकोले अनलाईन र प्रविधिमैत्री प्रक्रिया तत्कालै शुरु गरी सम्पूर्ण सेवा प्रदान गर्ने ।
- नयाँ सरुवा भई आउने कर्मचारीलाई पुराना सरुवा भई जाने कर्मचारीसँगै राखी कम्तीमा एक महिना सेवा प्रवाहको प्रक्रिया र व्यवस्थाका बारेमा जानकारी गराउने गरी कर्मचारीलाई व्यवसायिक तालिम प्रदान गर्ने ।
- विदेशी लगानीकर्तालाई छिटो छरितो सेवा प्रदान गर्न एकल विन्दु सेवा केन्द्रको प्रभावकारीता बढाउन एकल विन्दु सेवा केन्द्रमा रहेको एकाइहरुमा निकायगत प्रतिनिधित्वको सुनिश्चितता गर्ने र खटिई आउने कर्मचारीहरुलाई सम्बन्धित निकायबाट आवश्यक अधिकार प्रत्यायोजन र विशेष प्रोत्साहन भत्ता समेतको व्यवस्था गर्नुपर्नें ।

- एकल विन्दु सेवा केन्द्रका काम, कर्तव्य र अधिकारहरुलाई समेटेर कार्यविधि/निर्देशिका तयार गरी लागू गर्नुपर्ने ।

- विदेशी लगानीकर्ताले गरेको लगानी, प्रतिफल, रोजगारी सृजना र व्यवसायिक कार्यको समग्र मूल्यांकन गर्दै उद्योग दिवसका दिन छानिएका उत्कृष्ट विदेशी लगानीकर्तालाई कदर पत्र वा सम्मान पत्र दिई प्रोत्साहन गर्न उपयुक्त हुने ।

- विदेशी लगानी भएका उद्योगहरुको संचालन, रोजगारी र प्रविधिको उपयोगको अवस्थाका बारेमा जानकारी लिन स्थलगत अनुगमन गरी प्रत्येक वर्ष क्षेत्रगत रुपमा विस्तृत अध्ययन अनुसन्धान गरी सुधारका उपायहरु पहिचान गर्न उपयुक्त हुने ।

- प्रविधि हस्तान्तरणले स्वदेशी उद्योगमा ज्ञान, सीप र प्रविधि हस्तान्तरणका सम्बन्धमा प्रभाव मूल्यांकन अध्ययन/अनुसन्धान गरिनुपर्ने ।

## ४.४ प्रक्रियागत सुधारका क्षेत्रहरु

- विदेशी लगानी भएका कम्पनीको रजिष्टार्ड कार्यालयको ठेगाना परिवर्तनका लागि प्रचलित कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयबाटै कार्य फस्यौंट गरी सोको जानकारी उद्योग विभागलाई दिने व्यवस्था गर्ने ।
- विभागले विदेशी लगानी स्वीकृति प्रदान गरी सके पश्चात् नेपाल राष्ट्र बैंकको पनि पुनः स्वीकृति लिएर मात्र विदेशी लगानी बापतको पैसा भित्र्याउन पाउने हालको व्यवस्थालाई परिवर्तन गरी एउटै स्वीकृतिलाई दुवै निकायले मान्यता दिन अटोमेटिक रुटको व्यवस्थालाई प्रभावकारी बनाउने ।
- विदेशी लगानी स्वीकृति प्रयोजनका लागि स्थानीय तह तथा अन्य निकायको सिफारिस नचाहिने व्यवस्था लागू गर्ने ।
- Cross-cutting Issues रहेका फायलहरुका सम्बन्धमा हालको प्रकृयागत व्यवस्थालाई सुधार गरी शीघ्र कार्य सम्पादन गर्नका लागि त्यस्ता फायलहरुलाई वर्गीकरण गरी निर्देशक समितिको बैठकबाटै कार्य फस्यौंट हुने व्यवस्था मिलाउनुपर्ने ।

अध्याय पाँच

# सुझाव तथा सिफारिस

नेपालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम कार्यवाहीलाई थप प्रभावकारी बनाउन आवश्यक सुधारका क्षेत्रहरुलाई अघिल्लो अध्यायमा विस्तृत रुपमा प्रस्तुत गरिएको छ । यसै सन्दर्भमा यस अध्ययनको समग्र सुझाव र सिफारिसलाई देहाय बमोजिम बुँदाहरुमा उल्लेख गरिएको छ ।

१. यो प्रतिवेदन तयार पार्दा विदेशी लगानी सम्बन्धी पर्याप्त तथ्याङ्कहरुको कमी र वित्तिय विवरणहरुको पूर्णतया सामान्जस्यता नहुनुका कारण समस्या भोग्नुपरेको सन्दर्भमा उद्योग विभागको नेतृत्वमा विस्तृत प्राथमिक तथ्यांकमा आधारित तथ्यमूलक अध्ययन गरी नीतिगत, संरचनागत र प्रकृयागत सुधार गर्दै लैजानुपर्ने देखिन्छ ।

२. विदेशी लगानीकर्तालाई छिटो छरितो सेवा प्रदान गर्न एकल विन्दु सेवा केन्द्रको प्रभावकारीता बढाउन एकल विन्दु सेवा केन्द्रमा रहेको एकाइहरुमा निकायगत प्रतिनिधित्वको सुनिश्चितता गरी केन्द्रमा खटिई आउने कर्मचारीहरुलाई सम्बन्धित निकायबाट आवश्यक अख्तियार प्रत्यायोजनको व्यवस्था गर्नुपर्ने साथै एकल विन्दु सेवा केन्द्रका काम, कर्तव्य र अधिकारहरुलाई समेटेर कार्यविधि/ निर्देशिका तयार गर्नुपर्ने ।

३. हालको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अन्तर्गत न्यूनतम रकम रु. ५ करोड रहेकोमा विदेशी लगानीको प्रवर्द्धनका लागि क्षेत्रगत स्वरुपमा फरक फरक रुपमा न्यूनतम सिमालाई पुनरावलोकन गरिनु उपयुक्त देखिन्छ ।

४. विदेशी लगानी स्वीकृति पछि नेपाल राष्ट्र बैंकको पुनः स्वीकृति लिएर मात्र लगानीको पैसा भित्र्याउन पाउने हालको व्यवस्थालाई परिवर्तन गरी अटोमेटिक रुटको व्यवस्था गर्ने र नेपाल राष्ट्र बैंकको लेखांकन प्रकृयालाई सहजीकरण गर्नुपर्ने देखिन्छ ।

५. वैदेशिक लगानी भित्र्याउन विश्वभर तीव्र प्रतिस्पर्धा छ । अतः मन्त्रालय/बोर्ड/विभागले विदेशी लगानी प्रवर्द्धन गर्नका लागि नेपाल स्थित विदेशी नियोग/राजदूतावाससँग जानकारीमूलक, अन्तर्क्रियात्मक कार्यहरु संचालन गर्न उपयुक्त देखिन्छ ।

६. विदेशी लगानीकर्ता कम्पनीको आधिकारिक २ जनासम्मलाई व्यवसायिक भिसाको सुविधा दिइने प्रचलित ऐनको प्रावधानमा संशोधन गरी लगानी, रोजगारी र क्षेत्रगत आधारमा

अधिकतम ५ जनासम्म आधिकारिक प्रतिनिधिलाई व्यवसायिक भिसा सुविधा दिइनु उपयुक्त हुने देखिन्छ ।

७. बहुपक्षीय तथा द्विपक्षीय लगानी सम्झौता भएका देशहरूसँग त्यस्ता संझौताहरुको प्रभावकारी कार्यान्वयन तथा नयाँ सम्भावनाको खोजी गरी सम्झौता विस्तार गर्नुपर्ने देखिन्छ ।

८. देशको Doing Business, Global Competitiveness Index लगायतका लगानी सम्बन्धी सुचकांकमा सुधार गर्न व्यवस्थापकीय सुधारहरुलाई निरन्तर रुपमा अघि बढाइनु आवश्यक छ ।

९. विदेशी लगानीकर्ताका लागि आकर्षक सुविधा समेत अघि सार्नुपर्ने देखिन्छ । जस्तै जलविद्युत् परियोजनामा दिइने घोषणा गरिएको प्रति मेगावाट रु.५० लाख मूल्य अभिवृद्धि कर (भ्याट) रकम फिर्ता, विद्युतको खरीद मूल्य बढाउने जस्ता घोषणा पनि कार्यान्वयनमा नआएका गुनासाहरु सुनिन्छन् । उद्योगहरुमा दिईने कर छुट र विदेशी मुद्रा सटहीको सुविधालाई सरल र प्रभावकारी रुपमा कार्यान्वयन हुन नीतिगत र कार्यगत सामन्जस्यता हुनुपर्ने देखिन्छ ।

१०. विदेशी लगानीको प्रवर्द्धनका लागि उद्योग विभागको मात्रै पहल पर्याप्त नहुने हुँदा विदेशी लगानीसँग सम्बन्धित निकायहरुमा बेला-बेलामा छलफल/अन्तरक्रिया गरी जानकारीहरुको आदानप्रदान र समस्या समाधानका उपायहरुका आधारमा आवश्यक सुधारहरु गर्दै जानु उचित हुनेछ ।

११. विद्यमान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा विदेशी लगानी स्वीकृति सम्बन्धमा विदेशी लगानी स्वीकृति गर्ने निकायले निवेदन प्राप्त भएको मितिले सात दिन भित्र तथा विदेशी लगानी तथा मुनाफा फिर्ता लैजाने सम्बन्धमा निवेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वीकृति दिनुपर्नेछ भन्ने व्यवस्थालाई लागू गर्न आवश्यक साधनस्रोत र जनशक्तिको सुनिश्चितता गरिनुपर्ने ।

१२. जग्गाको हदबन्दी छुटको प्रक्रियालाई सरलीकृत गरी त्यसरी छुटमा खरिद गरेको जग्गा बैंक तथा वित्तिय संस्थामा धितो बन्धक राख्न तथा तोकिएको व्यावसायिक प्रयोजन गर्न सकिने गरी व्यवस्था गरिनुपर्ने ।

१३. विदेशी लगानीको स्वीकृति देखि बहिर्गमन सम्मको प्रक्रियालाई सरलीकरण तथा सहजीकरण गर्नको लागि प्रविधि मैत्री संरचनाको निर्माण गरि विद्युतीय प्रणालीको विकास गर्नुपर्ने ।

१४. विगतमा विदेशी लगानी स्वीकृति भएका र हाल विदेशी लगानीका लागि खुला नगरिएका क्षेत्रमा परेका उद्योगहरुको प्रवर्द्धनार्थ स्पष्ट व्यवस्था गरिनुपर्ने ।

१५. विदेशी लगानी भएका उद्योगहरुलाई उद्योगको प्रकृतिका आधारमा उद्योग संचालनार्थ आवश्यक मात्रामा मात्र जग्गा खरिद गर्न दिन उपयुक्त हुने ।

## अनुसूची हरु

# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असोज १४ गते २०३८ साल (अतिरिक्ताङ्क ३३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. ९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समर बिजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विदेशी लगानी तथा प्रविधिसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकासमा योगदान पुऱ्याउन पूंजी, जनशक्ति र प्राकृतिक स्रोतको अधिकतम परिचालन गर्नको लागि विदेशी लगानी तथा प्रविधिलाई प्रवर्द्धन र नियमित गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि-सम्बन्धी ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "उद्योग" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम विदेशी लगानी, विदेशी ऋण वा प्रविधि हस्तान्तरण सम्झौता स्वीकृत भएको मझौला वा ठूला उद्योग सम्झनुपर्छ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि मझौला वा ठूला उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिमको मझौला वा ठूला उद्योग सम्झनुपर्छ ।

(ख) "विदेशी लगानी" भन्नाले विदेशी लगानीकर्ताले सम्बन्धित उद्योगमा विदेशी मुद्रा वा ठोस सम्पत्तिको रूपमा गरेको शेयर लगानी सम्झनुपर्छ र सो शब्दले त्यस्तो लगानीबाट आर्जित रकमको पुनर्लगानीलाई समेत जनाउँछ ।

(ग) "विदेशी ऋण" भन्नाले सम्बन्धित उद्योगले विदेशी लगानीकर्ताबाट विदेशी मुद्रा वा ठोस सम्पत्तिको रूपमा प्राप्त गरेको ऋण वा ऋण सुविधा सम्झनुपर्छ ।

(घ) "प्रविधि हस्तान्तरण सम्झौता" भन्नाले सम्बन्धित उद्योग र विदेशी-लगानीकर्ताबीचमा देहायका कुराको सम्बन्धमा भएको सम्झौता सम्झनुपर्छ:–

(१) विदेशी उत्पत्तिको कुनै प्रविधिसम्बन्धी अधिकार, विशिष्टता, फरमूला, प्रक्रिया, पेटेण्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने,

(२) विदेशी स्वामित्वको ट्रेडमार्कको उपयोग गर्ने,

(३) वैदेशिक प्राविधिक सेवा, सल्लाहकार सेवा, व्यवस्थापन सेवा र बजार सेवा उपलब्ध गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "विदेशी लगानीकर्ता" भन्नाले कुनै विदेशी फर्म, कम्पनी, व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संस्था सम्झनुपर्छ ।

(च) "स्वदेशी लगानीकर्ता" भन्नाले स्वदेशी फर्म, कम्पनी, संस्था वा नेपाली नागरिक सम्झनुपर्छ ।

(छ) "विभाग" भन्नाले श्री ५ को सरकारको उद्योग विभाग सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिमको औद्योगिक प्रवर्द्धन समिति सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. अनुमति लिनु पर्ने : विदेशी लगानीकर्ताले वा विदेशी लगानीकर्ता र स्वदेशी लगानीकर्ताले संयुक्त लगानीमा कुनै उद्योग स्थापना गर्न चाहेमा अनुमतिको लागि विभागमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. अनुमति दिने : दफा ३ बमोजिम निवेदन पर्न आएमा विभागले समितिको सिफारिशको आधारमा उद्योग स्थापना गर्ने अनुमति दिन सक्नेछ ।

५. समितिले सिफारिश गर्दा ध्यान दिनु पर्ने कुराहरू : दफा ४ को प्रयोजनको लागि समितिले सिफारिश गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्नेछः–

(क) सम्बन्धित उद्योग नेपालको लागि उपयुक्त छ छैन ।

(ख) आयात प्रतिस्थापन गर्ने वा निर्यात प्रवर्द्धन गर्ने किसिमको छ छैन ।

(ग) स्थानीय कच्चा पदार्थ उपयोग गर्ने किसिमको छ छैन ।

(घ) नेपाली नागरिकलाई रोजगारी र व्यवस्थापन तथा प्राविधिक प्रशिक्षण उपलब्ध गराउने किसिमको छ छैन ।

(ङ) विदेशी लगानी, विदेशी ऋण र प्रविधि हस्तान्तरण सम्झौताका शर्त बन्देजहरू मनासिब छन् छैनन् ।

६. अनुमतिपत्रमा खुलाउनु पर्ने कुराहरू : दफा ४ बमोजिम उद्योग स्थापना गर्ने अनुमति दिँदा विभागले निवेदकलाई देहायका कुराहरू खुलाई अनुमतिपत्र दिनु पर्नेछः–

(क) उद्योगको नाम, विवरण र स्थान,

(ख) उद्योगको उद्देश्य र क्षमता,

(ग) कुल लगानी र विदेशी लगानीको प्रतिशत,

(घ) विदेशी ऋणको रकम र स्रोत तथा त्यस्तो ऋणको साँवा ब्याजको भुक्तानी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) विदेशी लगानी वा विदेशी ऋणको रूपमा प्राप्त ठोस सम्पत्तिको विभागले मूल्याङ्कन गरेबमोजिमको मोल,

(च) प्रविधि हस्तान्तरण सम्झौता र त्यस अन्तर्गत दिनु पर्ने भुक्तानी,

(छ) सम्बद्ध विदेशी मुद्रा,

(ज) विदेशी लगानी वा विदेशी ऋण उपयोग गर्ने अवधि, र

(झ) विभागले आवश्यक ठानेका अन्य कुराहरू ।

७. स्वीकृति लिनु पर्ने : (१) विभागको पूर्व स्वीकृति नलिई कुनै पनि उद्योगले देहायको कुनै काम गर्न हुँदैन:–

(क) विदेशी ऋण लिन,

(ख) विदेशी लगानीको प्रतिशत वृद्धि गर्न,

(ग) प्रविधि हस्तान्तरण सम्झौता गर्न,

(घ) उद्योगको उद्देश्य विविधीकरण, क्षमता विस्तार वा आधुनिकीकरण गर्न वा त्यस्तो कामको लागि नयाँ वा थप विदेशी लगानीको व्यवस्था गर्न ।

(२) उप-दफा (१) बमोजिमको कामको लागि स्वीकृति प्रदान गर्दा विभागले समितिको सिफारिशको आधारमा गर्नु पर्नेछ ।

८. अघि स्थापित उद्योगको मान्यता : यो ऐन प्रारम्भ हुनुअगावै श्री ५ को सरकार, श्री ५ को सरकारको कुनै विभाग वा कार्यालयबाट विदेशी लगानी, विदेशी ऋण वा प्रविधि हस्तान्तरण सम्झौता स्वीकृत भएको उद्योग यसै ऐनबमोजिमको उद्योग मानिनेछ ।

९. सुविधा, सहूलियत तथा संरक्षण : यस ऐनबमोजिम स्थापना भएको उद्योगलाई पनि औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिमको सुविधा, सहूलियत तथा संरक्षण प्रदान गरिनेछ ।

१०. रकम बाहिर लैजाने अधिकार : स्वीकृत विदेशी लगानी, विदेशी ऋण वा प्राप्त प्रविधि हस्तान्तरण सम्झौता वापत विदेशी लगानीकर्ताले देहायबमोजिम प्राप्त गरेको रकम प्रचलित दर-भाउमा सटही गरी विदेशी मुद्रामा नेपालबाहिर लैजान पाउनेछ:–

(क) विदेशी लगानीको केही वा सबै भागको बिक्रीबाट प्राप्त रकम,

(ख) विदेशी लगानी वापत लाभांशको रूपमा प्राप्त रकम,

(ग) विदेशी ऋणको साँवा र ब्याजको भुक्तानीको रूपमा प्राप्त रकम,

(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त रकम,

(ङ) कुनै सम्पत्ति अनिवार्य रूपमा कब्जामा लिएको वा अधिग्रहण गरिए वापत क्षतिपूर्तिको रूपमा प्राप्त रकम ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर खण्ड (क) र (ख) बमोजिम प्राप्त रकम विशेष परिस्थिति परेको बखत श्री ५ को सरकारले निर्धारण गरिदिएबमोजिमको किस्ताबन्दीमा मात्र नेपालबाहिर लैजान पाउनेछ ।

११. श्री ५ को सरकारले उद्योग स्थापना गर्न सक्ने : (१) श्री ५ को सरकारले विदेशी लगानीकर्ता वा स्वदेशी लगानीकर्तासंग सम्झौता गरी पब्लिक कम्पनीको रूपमा उद्योग स्थापना गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम स्थापित उद्योगले सम्झौतामा उल्लेख भए बमोजिमको सुविधा, सहूलियत तथा संरक्षण पाउनेछ ।

१२. विदेशी सरकारसंग संयुक्त उद्योग स्थापना गर्न सक्ने : (१) श्री ५ को सरकारले विदेशी सरकारसंग सम्झौता गरी उद्योग स्थापना गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम स्थापित उद्योगको दर्ता एवं सञ्चालन तथा त्यस्तो उद्योगले पाउने सुविधा, सहूलियत तथा संरक्षण सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

१३. राष्ट्रियकरण नहुने : यस ऐन अन्तर्गतको उद्योग वा त्यस्तो उद्योगको कुनै सम्पत्ति राष्ट्रियकरण गरिनेछैन ।

तर राष्ट्रिय हित वा प्रतिरक्षाको लागि आवश्यक भएमा श्री ५ को सरकारले न्यायोचित क्षतिपूर्ति दिई राष्ट्रियकरण गर्न सक्नेछ ।

१४. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : श्री ५ को सरकारले देहायको विषयमा कुनै उद्योगलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ :–

(क) उद्योगको उत्पादन वा सेवाको गुणस्तर, मूल्य र वितरण प्रणाली सम्बन्धमा,

(ख) उद्योगको व्यवस्थापन सम्बन्धमा,

(ग) मजदूर र व्यवस्थापनबीचको सुसम्बन्ध कायम राख्ने सम्बन्धमा,

(घ) पर्यावरण दूषण सम्बन्धमा,

(ङ) सार्वजनिक हितको संरक्षण सम्बन्धमा ।

१५. प्रतिवेदन दिनु पर्ने : यस ऐन अन्तर्गतको उद्योगले तोकिएबमोजिम विभागमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१६. श्री ५ को सरकारको अधिकार : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बरखिलाप कुनै उद्योगले कुनै काम गरेमा त्यस्ता उद्योगलाई श्री ५ को सरकारले देहायबमोजिम कारवाई गर्न सक्नेछ:–

(क) एक हजार रुपैयांदेखि पचास हजार रुपैयांसम्म जरीवाना गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सुविधा, सहूलियत तथा संरक्षण घटाउने, निलम्बन वा बन्द गर्ने,

(ग) प्रतिनिधि खटाई निजको रेखदेखमा सञ्चालन गराउने,

(घ) बन्द गराउने ।

(२) यस दफा अन्तर्गत कारवाई गर्नुअघि सो विषयमा सम्बन्धित उद्योगलाई स्पष्टीकरण पेश गर्न वा सुधार गर्न मनासिब मौका दिइनेछ ।

१७. मध्यस्थता : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूको कार्यान्वियनको सम्बन्धमा उठेको विवाद विदेशी लगानीकर्ता, सम्बन्धित उद्योग र विभागले आपसमा समाधान गर्न नसकेमा मध्यस्थताद्वारा समाधान गरिनेछ ।

(२) विदेशी लगानीकर्ताको अनुरोधमा विभागले अन्यथा व्यवस्था गरेमाबाहेक अन्तर्राष्ट्रिय व्यापार कानूनसम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (अनसीट्राल) को प्रचलित मध्यस्थता नियमबमोजिम मध्यस्थता गरिनेछ ।

(३) मध्यस्थता काठमाडौंमा हुनेछ । मध्यस्थतामा नेपालको कानून लागू हुनेछ ।

१८. नियम बनाउने अधिकार :(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर देहायका कुनै वा सबै विषयहरूमा नियम बनाउन सक्नेछ:—

(क) विदेशी लगानीमा स्थापना वा सञ्चालन गर्न पाउने उद्योगहरू निर्धारण गर्ने,

(ख) विदेशी लगानीसम्बन्धी शर्त तथा बन्देज निर्धारण गर्ने,

(ग) विदेशी लगानी वा विदेशी ऋणको रूपमा प्राप्त ठोस सम्पत्तिको मूल्याङ्कन गर्ने,

(घ) विदेशी ऋणको साँवा र ब्याज भुक्तानी सम्बन्धमा,

(ङ) विदेशी ऋणको जमानत र सुरक्षण सम्बन्धमा,

(च) विदेशी लगानीकर्ताको वर्गीकरण र उनीहरूलाई प्रदान गरिने अन्य सुविधा सम्बन्धमा ।

१९. बचाउ : यस ऐनमा लेखिएका कुराहरूमा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुनेछ ।

लालमोहर सदर मितिः— २०३८।६।१४।४

आज्ञाले—

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# विदेशी लगानी नीति, २०७१

१. **पृष्ठभूमि**

नेपालमा प्रत्यक्ष विदेशी लगानी करीब छ दशक अघिदेखि भित्रिएको भएतापनि वि.सं. २०३८ साल देखि विदेशी लगानी भित्र्याउने व्यवस्थित प्रयास भएको हो। विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन, २०३८ ले यसलाई कानुनी रुप दियो । पर्याप्त विदेशी लगानी भित्र्याई नेपाललाई आकर्षक लगानी गन्तव्यको रुपमा स्थापित गर्न विभिन्न नीतिगत, संरचनागत र कानूनी सुधारका कार्यहरुको थालनी भयो । परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँगै विदेशी पूँजी, प्रविधि र व्यवस्थापकीय कौशल भित्र्याई औद्योगिकीकरणको प्रक्रियामा निजी क्षेत्रको सहभागिता वृद्धि गरी आय, रोजगारी एवं उत्पादन वृद्धिको लागि आवश्यक आन्तरिक स्रोत र साधनको कमीलाई पुरा गर्न विदेशी लगानी र एकद्वार नीति, २०४९ जारी भयो र सो नीतिको कार्यान्वयनका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ लागु गरियो ।

विदेशी लगानी र एकद्वार नीति, २०४९ कार्यान्वयनमा आएको बाइस बर्षको अवधिमा विदेशी लगानीको प्रवाह अपेक्षा गरे अनुरुप हुन सकेको देखिएन । यसो हुनुमा देशभित्र आधारभूत पूर्वाधारको पर्याप्त विकास नहुनु, शान्ति सुरक्षाको प्रत्याभूति हुन नसक्नु, विदेशी लगानी सम्बन्धी नीति र कानूनमा समयानुकूल आवश्यक परिमार्जन, संस्थागत संरचनामा सुधार र प्रक्रियागत सरलता र सहजीकरणको पर्याप्त व्यवस्था नहुनु नै कारण देखिए । यसैवीच विश्वव्यापीकरणको बढ्दो प्रवाहका कारण वैदेशिक लगानीका सन्दर्भमा भौगोलिक तथा अन्य सीमाहरु खुकुलिंदै गएका छन्। विश्वमा सूचना र प्रविधिको क्षेत्रमा भएको चामत्कारिक विकासले सिंगो विश्वलाई एउटै गाउँमा परिणत गर्दै लगेको छ । यी सबै परिवर्तित सन्दर्भलाई आत्मसात् गर्ने क्रममा नेपाललाई आकर्षक लगानी स्थलको रुपमा स्थापना गर्ने उद्देश्यका साथ नयाँ औद्योगिक नीति, २०६७ जारी भै कार्यान्वयनमा छ । नेपाल विश्व व्यापार संगठन (World Trade Organization - WTO) को सदस्य हुनुका साथै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोग सम्बन्धी बंगालको खाडी अग्रसरता (Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation– BIMSTEC) तथा दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (South Asia Free Trade Agreement - SAFTA) जस्ता बहुपक्षीय एवं क्षेत्रीय सम्झौताहरुको पक्ष राष्ट्र बनेको छ । यस्ता संगठनहरुसंगको सदस्यता तथा सम्झौताहरुवाट सिर्जित दायित्व र प्रतिवद्धता, विश्व अर्थव्यवस्थामा देखापरेको परिवर्तन र मुलुकभित्र भएको राजनैतिक परिवर्तनको सन्दर्भमा समेत विदेशी लगानी र एकद्वार नीति, २०४९ मा समय सापेक्ष परिमार्जन गर्नुपर्ने वाञ्छनीय भएकाले नयाँ विदेशी लगानी नीति, २०७१ जारी गरिएको छ ।

२. **विगतका प्रयास**

आर्थिक उदारीकरण एवं खुला बजार नीतिको विश्वव्यापी लहरसँगै मुलुकमा आएको राजनैतिक परिवर्तनलाई समेत आत्मसात् गरी वि.सं. २०४९ सालमा जारी गरिएका विदेशी लगानी र एकद्वार नीति, २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ ले मुलुकमा आर्थिक उदारीकरणलाई अङ्गीकार गर्दै लगानीमैत्री वातावरणको परिकल्पना गरेका थिए । यसै सिलसिलामा केही सीमित उद्योगहरु वाहेक समग्र उद्योग र व्यवसायका क्षेत्रमा शतप्रतिशत विदेशी लगानी खुला गर्ने जस्ता महत्वपूर्ण विषयहरु पनि नीतिमा समावेश

गरिएका थिए । लगानी स्वीकृतिका कार्यविधिहरुलाई निश्चित समयसीमामा आबद्ध गरिएको थियो । साथै, उद्योग स्थापनाका लागि लगानीकर्ताले पूरा गर्नुपर्ने औपचारिकतालाई कम खर्चिलो तथा सरल बनाउन एकद्वार प्रणालीको व्यवस्था पनि गरिएको थियो । नेपाललाई एक आकर्षक लगानी गन्तव्य बनाउन विभिन्न सहुलियतहरुको प्रावधान समेत राखिनुका साथै देशको आर्थिक विकासको संवाहकका रुपमा रहेको निजी क्षेत्रबाट पनि नीतिलाई परिमार्जन गर्न विभिन्न मागहरु उठिरहेको सन्दर्भमा यस्ता विषयहरुलाई समेत सम्बोधन गरी आर्थिक, वित्तीय तथा मौद्रिक क्षेत्रमा पनि विभिन्न सुधारका कार्यक्रमहरु थालनी गरिएका थिए । निकासीलाई प्रोत्साहन गर्न नगद अनुदानको समेत व्यवस्था गरिएको थियो ।

## ३ वर्तमान स्थिति

वि.सं. २०४६ सालको परिवर्तनपछि अर्थ व्यवस्थालाई उदारिकरण गरी विदेशी लगानीलाई प्रोत्साहन गरिए तापनि यसले अपेक्षित गति लिन सकेको छैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ को उपधारा (१२) मा "राष्ट्रिय विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" भन्ने उल्लेख भएको सन्दर्भमा औद्योगिक नीति, २०४९ लाई नयाँ औद्योगिक नीति, २०६७ ले प्रतिस्थापन गरेको छ र यसै अनुकूल हुने गरी औद्योगिक व्यवसाय ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने ऐन पारित हुने क्रममा रहेको छ । लगानी बोर्ड ऐन, २०६८ जारी भै कार्यान्वियनमा आइसकेको छ । यसरी नीति तथा कानूनमा समसामयिक सुधार, तिनको कार्यान्वियनका लागि सुदृढ र सक्षम संस्थागत संरचना, सक्षम र उत्प्रेरित जनशक्तिको व्यवस्थापन, कार्यप्रक्रियाको सरलीकरण र संक्षेपीकरण, पारदर्शी र स्वच्छ प्रशासनको सुनिश्चितता जस्ता उपायहरु अवलम्वन गरी "दोस्रो पुस्ताको आर्थिक सुधार" को थालनी गर्ने तर्फ सरकार प्रतिवद्ध छ र यसबाट लगानीमैत्री बातावरण सृजना गर्नमा ठूलो सघाउ पुगेको महशुस भएको छ।

## ४. सम्भावना, अवसर र चुनौती

प्रचुर प्राकृतिक सम्पदा, जैविक विविधता र सांस्कृतिक सम्पदाको उपलब्धताले नेपालमा विकासको यथेष्ट सम्भावनालाई उजागर गर्दछ । विद्यमान स्रोतहरुको परिचालन गरी आन्तरिक स्रोत-साधनको कमीलाई पूरा गर्न विदेशी लगानीले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । जलविद्युत, पर्यटन, सेवा, जडिबुटी उत्पादन तथा प्रशोधन, कृषिजन्य उत्पादन तथा प्रशोधन, तथा खनिज उत्खनन र प्रशोधन आदि जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुमा विदेशी लगानी भित्रिने प्रशस्त सम्भावना रहेको छ । साथै भौतिक पूर्वाधार निर्माणका परियोजनाहरुमा समेत विदेशी लगानी आकर्षित गर्न सकिने प्रवल सम्भावना रहेको छ । तथापि, नेपालको कठिन भू-धरातलीय वनौट, राजनीतिक एवं नीतिगत अस्थिरता, सुमधुर औद्योगिक सम्बन्धको कमी, कम लचिलो श्रम नीति, सुरक्षाको असहज वातावरण, दक्ष जनशक्तिको अपर्याप्तता, उच्च व्यवसाय संचालन लागत, उच्च परिवहन लागत, पूँजी बजारको साँघुरो आकार, कमजोर पूर्वाधार, सम्झौता कार्यान्वियनमा कठिनाइ, परियोजना कार्यान्वियन क्षेत्रका स्थानीय बासिन्दाहरुले उठाउने गरेका मागहरु, एकद्वार नीतिको प्रभावकारी कार्यान्वियन हुन नसक्नु जस्ता समस्याहरुका कारण विदेशी लगानी आशातीत रुपमा भित्रिन सकेको देखिदैन ।

## ५. नयाँ नीतिको आवश्यकता

न्यून गार्हस्थ्य बचतका कारण पूँजीनिर्माणमा देखिएको अपर्याप्तता पूर्ति गरी पूर्वाधार क्षेत्रको विकास र विस्तार गर्न, आधुनिक प्रविधि तथा व्यवस्थापकीय एवं प्राविधिक सीप भित्र्याई औद्योगिक विकासको माध्यमबाट

अन्तर्राष्ट्रिय बजारमा पहुँच बढाउँदै व्यापारघाटा न्यून गर्न तथा उच्च आर्थिक वृद्धिदर हासिल गर्दै थप रोजगारी सृजना गरी गरिबी घटाउन नेपालमा विदेशी लगानीको आवश्यकता रहेको स्पष्ट हुन्छ ।

विदेशी लगानी तथा एकद्वार नीति, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ जारी भए यता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आर्थिक वातावरणमा धेरै परिवर्तनहरु आइसकेका छन् । अन्तर्राष्ट्रिय स्तरमा बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade-GATT) विश्व व्यापार संगठन (World Trade Organization-WTO) मा परिणत भएको छ । विश्वका अधिकांश राष्ट्रहरु बहुपक्षीय व्यापार प्रणालीमा आबद्ध भइसकेका छन् । यस बीच नेपाल पनि सन् २००४ बाट विश्व व्यापार संगठन (World Trade Organization-WTO) मा आवद्ध भएको छ भने क्षेत्रीय स्तरमा दक्षिण एसियाली स्वतन्त्र व्यापार (South Asian Free Trade Area-SAFTA) सम्झौता कार्यान्वयनमा आइसकेको छ । यसैगरी विश्व बौद्धिक सम्पति संगठन (WIPO) र त्यस अन्तर्गतका केही महासन्धिहरुलाई अनुमोदन गर्नुका साथै (Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation-BIMSTEC) जस्ता स्वतन्त्र व्यापार क्षेत्रमा पनि नेपाल संलग्न भई सो बमोजिमका प्रतिवद्धताहरु पुरा गर्नका लागि प्रयासरत रहेको छ । नेपाल बहुपक्षीय लगानी सुरक्षण निकाय (Multilateral Investment Guarantee Agency, MIGA) को सदस्य समेत भइसकेको छ । हाल आर्थिक अवसर एवं व्यापार विस्तारका लागि मुलुकहरुबीच द्विपक्षीय व्यापार सम्झौता (Bilateral Trade Agreement) को क्रमले पनि तीव्रता पाउँदै आएको छ । नेपालले हालसम्म दश मुलुकसंग दोहोरो कर उन्मुक्ति सम्झौता (Double Taxation Avoidance Agreement) र छ मुलुकसंग द्विपक्षीय लगानी संरक्षण एवं प्रवर्द्धन सम्झौता (BIPPA) गरिसकेको छ । त्यसैगरी सरकारले विदेशी लगानी समेतलाई आकर्षण गर्ने ध्येयले विशेष आर्थिक क्षेत्र (Special Economic Zone-SEZ) को आवधारणालाई कार्यान्वयनमा ल्याउन नीतिगत, कानूनी एवं संस्थागत पूर्वाधार स्थापना भई कार्यान्वयनको क्रममा रहेको छ ।

अधिकांश सार्क राष्ट्रहरुले आ-आफ्ना विदेशी लगानी नीतिमा परिवर्तन गर्नुका साथैं विभिन्न वित्तीय एवं अन्य सुविधा सहुलियत प्रदान गरी मुलुकले निर्धारण गरेको प्राथमिकताको क्षेत्रमा विदेशी लगानीलाई आकर्षित गरि रहेका छन् । यी परिवर्तनहरुको परिप्रेक्ष्यमा मौजुदा विदेशी लगानी नीतिमा समयानुकूल परिर्वतन गर्नुपर्ने आवश्यकता स्पष्ट रुपमा अनुभूत भएको छ ।

मौजुदा विदेशी लगानी र एकद्वार नीति २०४९ ले परिवर्तित सन्दर्भले माग गरेका कतिपय पक्षहरु जस्तै, लगानीका लागि प्राथमिकताका क्षेत्र निर्धारण, श्रम व्यवस्थापन सम्बन्धी विषयहरु, विशेष आर्थिक क्षेत्रको स्थापना एवं सञ्चालन, गैह्र आवासीय नेपालीहरुको लगानी, पोर्टफोलियो लगानी, पूँजी बजारको समुचित उपयोग र स्वदेशी तथा विदेशी मुद्रामा ऋणपत्र जारी गरेर ऋण परिचालन गर्न पाउने आदि जस्ता विषयलाई समेत समेट्न नसकेको र यस अवधिमा गरिएका प्रयासले आशा गरे अनुरुप विदेशी लगानी आकर्षण गर्न नसकेको अवस्था, लगानी बोर्ड ऐन, २०६८ अनुसार लगानी बोर्ड गठन भई कार्यान्वयनमा आएको परिस्थिति, गैर आवासीय नेपालीहरुले नेपालमा नेपाली सरह लगानी गर्न पाउने र त्यस्तो लगानीलाई विदेशी लगानी सरह सुविधा दिने गरी गैर-आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ जारी भैसकेको र छिमेकी मुलुकहरुले आफ्ना नीतिहरुमा व्यापक सुधार गरेका तथ्यहरुलाई दृष्टिगत गर्दै परिवर्तित अन्तर्राष्ट्रिय एवं क्षेत्रीय वातावरणबाट सृजित दायित्व र अवसरहरुको उचित लाभ लिन मौजुदा विदेशी लगानी नीतिमा समसामयिक परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएकोले यो नयाँ नीति तर्जुमा गरिएको हो ।

६. **दीर्घकालीन लक्ष्य**

राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुमा विदेशी पूँजी, प्रविधि, सीप र ज्ञान आकर्षित गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमवाट व्यापार सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक र गतिशील वनाउने ।

७ **नीतिका प्रमुख उद्धेश्य**

७.१ दिगो र फराकिलो आर्थिक बृद्धि तथा रोजगारी सिर्जनाका लागि निजी क्षेत्रको अग्रणी भूमिकालाई आत्मसात गर्दै प्राथमिकताप्राप्त क्षेत्रमा विदेशी पूँजी, प्रविधि, सीप र ज्ञान परिचालन गर्ने ।

७.२ उपलब्ध स्थानीय स्रोत, सीप र साधनको वैज्ञानिक तथा दिगो रुपमा अधिकतम उपयोग गरी भौगोलिक, आर्थिक, सामाजिक तथा वातावरणीय रुपमा सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकास गर्नका लागि विदेशी लगानी परिचालन गर्ने ।

७.३ लगानीको बढ्दो आवश्यकता र सीमित गार्हस्थ्य बचत बीचको बढ्दो असमानतालाई विदेशी पूँजी लगानीको माध्यमबाट परिपूर्ति गर्ने ।

७.४ विदेशी पूँजीसंगै आधुनिक प्रविधि, व्यवस्थापकीय कौशल र प्राविधिक सीपको माध्यमबाट आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गरी आयात प्रतिस्थापन गर्ने र देशको प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तर्राष्ट्रिय बजारमा औद्योगिक वस्तु एवं सेवाको पहुँच विस्तार गरी निर्यात प्रवर्द्धनको माध्यमबाट बढ्दो व्यापार घाटा न्यूनीकरण गर्दै व्यापार सन्तुलन स्थापित गर्ने ।

७.५ लगानीमैत्री वातावरण सृजना गरी नेपाललाई आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्ने ।

८. **नीति**

**८.१ उद्धेश्य ७.१ सँग सम्बन्धित**

८.१.१ राष्ट्रिय प्राथमिकताका क्षेत्र तोकी पूर्वाधार विकास, उत्पादकत्व बृद्धि र प्रतिस्पर्धात्मक क्षमता विकासमा विदेशी लगानीलाई जोड दिइनेछ ।

८.१.२ राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरु विशेषगरी उत्पादनमूलक उद्योगहरुमा लगानी अभिवृद्धि गर्न विदेशी पूँजी, प्रविधि, सीप र ज्ञानलाई आकर्षित गरिने छ ।

८.१.३ विदेशी लगानी आकर्षित गर्न आर्थिक कूटनीतिको माध्यमलाई भरपूर उपयोग गरिनेछ ।

८.१.४ औद्योगिकरणको प्रक्रियामा सार्वजनिक-निजी संवादको माध्यमबाट विदेशी लगानीको प्रवर्द्धनमा जोड दिइनेछ ।

**८.२ उद्धेश्य ७.२ सँग सम्बन्धित**

८.२.१ स्थानीय स्रोत तथा विदेशी पूँजी, प्रविधि, सीप र ज्ञानको उचित संयोजनद्वारा सन्तुलित क्षेत्रीय विकास र राष्ट्रिय अर्थतन्त्रको विकासमा जोड दिइनेछ।

८.२.२ कानूनद्वारा निर्धारण भए बमोजिम अति अविकसित, अविकसित र कम विकसित क्षेत्रहरुमा स्थापित उद्योगहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन यस्ता उद्योगहरुमा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ ।

८.२.३ उर्जा दक्षता अभिबृद्धि गर्ने तथा वातावरणलाई कम प्रदूषित गर्ने प्रविधि प्रयोग गर्ने उद्योगहरुलाई थप सुविधा दिई विदेशी लगानी आकर्षित गरिनेछ ।

**८.३ उद्धेश्य ७.३ सँग सम्बन्धित**

८.३.१ आयात प्रतिस्थापन गर्ने तथा राष्ट्रिय आवश्यकता पूर्ति गर्ने उद्योगहरुमा पूँजी, आधुनिक प्रविधि र व्यवस्थापकीय कौशल भित्र्याई उत्पादकत्व बृद्धि गरिनेछ।

८.३.२ विदेशी पूँजी, प्रविधि, व्यवस्थापकीय कौशल आदिका माध्यमबाट मुलुकको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी गार्हस्थ्य वचत बढाई गार्हस्थ्य बचत र लगानी बीचको खाडल न्यूनीकरण गर्दै लगिनेछ ।

**८.४ उद्धेश्य ७.४ सँग सम्बन्धित**

८.४.१ स्वरोजगारीको अवसर सृजना गर्न व्यवस्थापकीय सीप, उद्यमशीलता विकास तथा व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापमा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ।

८.४.२ अन्तर्राष्ट्रिय बजारमा सम्भाब्य औद्योगिक वस्तु तथा सेवाको उत्पादन वढाई निकासी अभिवृद्धि गर्न विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ ।

८.४.३ विदेशी लगानीको माध्यमबाट निर्यातमूलक उद्योगहरुको स्थापनाका लागि विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन क्षेत्रको स्थापनाद्धारा उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ ।

८.४.४ आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा विशेष योगदान गर्ने उद्योगहरुलाई आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै विशेष सुविधाहरु उपलब्ध गराइनेछ ।

८.४.५ विदेशी लगानीमा स्थापित निर्यातमूलक उद्योगहरुलाई समेत निर्यातको आधारमा नगद प्रोत्साहनको व्यवस्था गरिनेछ ।

८.४.६ अन्तर्राष्ट्रियस्तरमा नेपाली वस्तुहरुको सहजरुपमा पहुँच पहिचान र मान्यताका लागि आवश्यक कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।

८.४.७ पूर्वाधार संरचनाको निर्माणमा विदेशी लगानी प्रवर्द्धन गरी यस्ता संरचनाको निर्माण, सञ्चालन, स्वामित्वकरण र हस्तान्तरणमा विदेशी लगानीलाई प्रोत्साहन गरिनेछ ।

**८.५ उद्धेश्य ७.५ सँग सम्बन्धित**

८.५.१ विदेशी लगानीलाई आकर्षित गर्नका लागि आवश्यक कानूनी, संस्थागत एवं प्रक्रियागत पूर्वाधार तयार गरिनेछ ।

८.५.२ आर्थिक क्रियाकलापमा निजी क्षेत्रको अग्रणी भूमिकालाई स्थापित गर्दै सरकारले सहजकर्ता, उत्प्रेरक र नियामकको रुपमा विदेशी लगानी आकर्षित गर्ने नीति लिइनेछ ।

८.५.३ सुमधुर र लचिलो श्रम सम्वन्ध कायम गरी, आय ,रोजगारी र उत्पादनमा वृद्धि गरिने छ।

## ९. कार्यनीतिहरुः

### ९.१ नीति ८.१ संग सम्बन्धितः

९.१.१ प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभका आधारमा प्राथमिकता क्षेत्र निर्धारण गरी विदेशी लगानी आकर्षित गरिनेछ ।

९.१.२ अनुसूचीमा उल्लिखित बाहेक अन्य उद्योग व्यवसायमा विदेशी लगानी खुला गरिनेछ।

९.१.३ विदेशी लगानी आकर्षित गर्न आर्थिक कूटनीतिको माध्यमलाई महत्तम रुपमा उपयोग गरी निजी क्षेत्रसमेतको सहभागितामा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९.१.४ विदेशी लगानी अभिबृद्धि गर्न नेपाली दूतावास तथा कूटनीतिक नियोगहरुलाई सक्रियतापूर्वक परिचालन गरिनेछ।

९.१.५ विदेशी लगानी प्रवर्द्धन गर्न सार्वजनिक-निजी सम्वादको कार्यलाई संस्थागत गर्दै लगिनेछ ।

९.१.६ विदेशी लगानी प्रवर्द्धनका लागि निजी क्षेत्रका छाता संगठनहरुको सहकार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

### ९.२ नीति ८.२. संग सम्बन्धितः

९.२.१ राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानीमा सञ्चालित उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थको प्रयोगमा उपलब्ध भएसम्म स्थानीय स्रोत, साधन र कच्चा पदार्थलाई प्राथमिकता दिइनेछ ।

९.२.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित क्षेत्रीय विकासमा योगदान बढाउन तोकिएको वा सो भन्दा बढी संख्यामा प्रत्यक्ष रोजगारी दिने वैदेशिक लगानीमा सञ्चालित उद्योगहरुलाई तोकिए वमोजिम थप सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ ।

९.२.३ अति अविकसित, अविकसित र कम विकसित क्षेत्रहरुमा स्थापित उद्योगहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधार सुविधा उपलब्ध गराउनुका साथै छुट, सुविधा तथा सहुलियत उपलब्ध गराउन आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

९.२.४ अति अविकसित, अविकसित र कम विकसित क्षेत्रहरुमा स्थापित उद्योगले कारोवार शुरु गरेको मितिले निश्चित अवधिसम्म लाग्ने आयकरमा निश्चित प्रतिशतमा छुट पाउने आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

९.२.५ उद्योगले उर्जा दक्षता बढाउन सघाउ पुऱ्याउने यन्त्र वा उपकरणमा लगानी गरेको खर्च, प्रदूषण नियन्त्रण र वातावरणमा कम असर पार्ने पद्दतिको जडानमा भएको पूँजीगत खर्च, प्रविधि र प्रक्रियामा भएको खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाउने आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

९.२.६ उद्योगहरुबाट वातावरणमा प्रतिकूल असर पर्न नदिन प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (Initial

Environmental Examination-IEE) र वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment-EIA) मा प्रक्रियागत सरलीकरण गरिनेछ ।

**९.३ नीति ८.३ संग सम्बन्धितः**

९.३.१ विदेशी लगानीमा स्थापना हुने आयात प्रतिस्थापन गर्ने तथा राष्ट्रिय आवश्यकता पूर्ति गर्ने उद्योगहरु समेतको दर्ता, अनुमति, विस्तार र वहिर्गमन एवं उद्योगले पाउने सुविधाका सम्बन्धमा सरल प्रक्रियाद्वारा सेवा, सुविधा तथा सहुलियत पाउने व्यवस्थालाई सुनिश्चित गरिनेछ ।

९.३.२ प्रविधि हस्तान्तरण वापत भुक्तानी गरिने रोयल्टी, शुल्क आदिको व्यवस्थालाई सरल, सहज, पारदर्शी र व्यवस्थित बनाइनेछ ।

९.३.३ विदेशी लगानीको लागि न्यूनतम लगानीको सीमा तोकी सो वा सो भन्दा बढीको विदेशी लगानीमात्र स्वीकृत गर्ने व्यवस्था गरिनेछ ।

**९.४ नीति ८.४ संग सम्बन्धितः**

९.४.१ विदेशी लगानीमा स्थापित उद्योगहरुमा भएको व्यवस्थापकीय सीप र क्षमतालाई क्रमशः स्थानीयस्तरमा हस्तान्तरण गर्दै लैजाने व्यवस्था गरिनेछ ।

९.४.२ विदेशी प्रविधि हस्तान्तरणका सम्बन्धमा निश्चित समयभित्र प्रविधि हस्तान्तरण गरिसक्नुपर्ने व्यवस्था गरिनेछ ।

९.४.३ औद्योगिक वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन नयाँ प्रविधिको विकास तथा हस्तान्तरणको प्रक्रियालाई सरलीकरण गरिनेछ ।

९.४.४ निकासीमूलक उद्योगका लागि पूर्वाधार सेवा तथा सुविधा सहितको विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन क्षेत्रको स्थापना गरी विदेशी लगानी आकर्षित गरिनेछ ।

९.४.५ निर्यातमूलक उद्योगहरुलाई निर्यातको परिमाणको आधारमा निश्चित नगद प्रोत्साहन उपलब्ध गराउन आवश्यक कानूनी, संस्थागत एवं प्रक्रियागत व्यवस्थामा सरलीकरण गरिनेछ ।

९.४.६ सेवा उद्योगमा विश्व व्यापार संगठनमा गरिएको प्रतिवद्धता अनुरुप विदेशी लगानीको अंश, सीमा तथा प्रक्रिया तोकी सो बमोजिम कार्यान्वयन गरिनेछ ।

९.४.७ अन्तर्राष्ट्रियस्तरमा नेपाली वस्तु तथा सेवाहरुको सहज पहुँच, पहिचान र मान्यताको विस्तार गर्न बौद्धिक सम्पत्तिको संरक्षण एवं प्रवर्द्धन गरिनेछ । साथै, उत्पादित वस्तु तथा सेवाको गुणस्तर परीक्षण सम्बन्धी प्रयोगशालाको स्थापना तथा विकास गरिनेछ ।

**९.५ नीति ८.५ संग सम्बन्धितः**

९.५.१ लगानीकर्तालाई सुविधा-सहुलियत लगायत भौतिक पूर्वाधार सेवा एकै स्थानवाट उपलब्ध गराउन एकल बिन्दु सेवा केन्द्रको स्थापना गरिनेछ ।

९.५.२ विदेशी लगानी खुला नगरिएका औद्योगिक व्यवसायमा पनि प्रविधि हस्तान्तरण गर्न सकिने गरी कानूनी व्यवस्था मिलाइनेछ ।

९.५.३ विदेशी लगानीको परिधिभित्र संस्थागत रुपमा धितोपत्रमा गरिने विदेशी लगानी (Foreign Portfolio Investment) लाई समेत आवश्यक कानूनी व्यवस्था गरी समावेश गरिनेछ । यसरी खुला गर्दा केही निश्चित प्रकृतिका कम्पनीहरु र क्षेत्रहरुमा मात्र अप्रत्यक्ष विदेशी लगानी (Foreign Portfolio Investment) खुला गरिनेछ ।

९.५.४ विदेशी लगानीलाई प्रोत्साहित गर्नका लागि बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ ।

९.५.५ विदेशी लगानीको प्रवर्द्धन, संरक्षण एवं विविधीकरण गर्न द्विपक्षीय, क्षेत्रीय एवं बहुपक्षीय सम्झौतालाई प्रोत्साहित गर्दै तिनमा व्यक्त प्रतिबद्धताका आधारमा लगानी प्रक्रियालाई सहज र सरल बनाइनेछ।

९.५.६ विदेशी लगानीमा संचालित उद्योग व्यवसायका संचालक र व्यवस्थापकको पारिश्रमिक र सुविधालाई पारदर्शी बनाइनेछ ।

९.५.७ विदेशी लगानीमा संचालित उद्योग व्यवसायलाई संस्थागत सामाजिक उत्तरदायित्वप्रति प्रेरित गरी उद्योग/व्यवसाय र समाजका बीचमा सुमधुर सम्बन्ध स्थापित गर्न अनुकुल वातावरण वनाइनेछ ।

९.५.८ कर्मचारी तथा कामदारहरुले विदेशी लगानी रहेका उद्योगहरुलाई प्रतिकूल असर पर्ने गरी कुनै काम-कारवाही गर्न नपाइने आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

९.५.९ उद्योग र मजदुर बीच सुमधुर सम्बन्ध स्थापित गर्न सरकार, मजदूर र उद्यमीका प्रतिनिधि समेत रहेको त्रिपक्षीय संयन्त्र तयार गरी उद्योग र मजदूरबीच देखिने समस्याहरुको समाधान गरिनेछ ।

९.५.१० श्रम सम्वन्धी कानूनलाई लचिलो बनाउने क्रममा त्रिपक्षीय सम्झौता अनुसार मजदुरको सामाजिक सुरक्षामा ध्यान दिइनेछ ।

९.५.११ प्रचलित कानून बमोजिम सीमा र अधिकार क्षेत्र कायम गरिएका ठूला परियोजनाका लगानीहरुलाई लगानी बोर्ड मार्फत प्रवर्द्धन गरिनेछ ।

९.५.१२ लगानी बोर्डको कार्यक्षेत्रभित्र नपर्ने विदेशी लगानी सम्वन्धी परियोजनाको स्वीकृति उद्योग तथा लगानी प्रवर्द्धन वोर्ड वा उद्योग विभागबाट तथा सोको अनुगमन तथा मूल्यांकन उद्योग मन्त्रालयवाट गरिनेछ ।

९.५.१३ नेपालमा अधिकतम विदेशी लगानी अभिबृद्धि गर्न आवश्यकता अनुसार विभिन्न मुलुकहरुसंग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्ति सम्वन्धी सम्झौताहरु सम्पन्न गर्दै लगिनेछ ।

९.५.१४ विदेशी लगानीमा स्थापित कुनै पनि उद्योगको राष्ट्रियकरण गरिने छैन ।

## १०. विदेशी लगानीको स्वरुप

विदेशी लगानी अन्तर्गत विदेशी पूँजी, सीप, ज्ञान तथा प्रविधि हस्तान्तरण मार्फत भएको लगानीलाई समेत समावेश गरिनेछ ।

**१०.१ विदेशी पूँजी लगानी अन्तर्गत देहायका लगानीलाई समावेश गरिनेछ :**

१०.१.१ विदेशी लगानीकर्ताले विदेशी मुद्रा वा पूँजीगत सम्पतिको रुपमा गरेको शेयर लगानी र यसबाट आर्जित रकमको पुनः लगानी ।

१०.१.२ उद्योगले विदेशी मुद्रा वा पूँजीगत सम्पतिको रुपमा प्राप्त गरेको ऋण ।

१०.१.३ विदेशी लगानीकर्ताले लिज फाइनान्सको रुपमा उपलब्ध गराएको औजार, मेशिन वा उपकरण ।

१०.१.४ नेपाल राष्ट्र बैंकको स्वीकृतिमा नेपालमा स्थापित कम्पनीहरुले विदेशमा शेयर पूँजी (Equity), ऋणपत्र र डिबेन्चर जारी गरी उठाएको विदेशी मुद्रा, र

१०.१.५ विदेशी संस्थागत लगानीकर्ताले दोस्रो बजार (Secondary Market) मार्फत नेपाली सूचीकृत धितोपत्रहरुमा गरेको लगानी ।

**१०.२ प्रविधि हस्तान्तरण अन्तर्गत देहायको लगानीलाई समाबेश गरिनेछ :**

१०.२.१ विदेशी उत्पत्तिको प्रविधि सम्बन्धी अधिकार जस्तैः पेटेण्ट, विशिष्टता, सूत्र, प्रक्रिया र प्राविधिक ज्ञान लगायत बौद्धिक सम्पत्ति अधिकारको प्रयोग ।

१०.२.२ विदेशी स्वामित्वको ट्रेडमार्क वा ख्याति (Goodwill) को उपयोग, र

१०.२.३ विदेशी प्राविधिक सेवा, सल्लाह सेवा, तालिम, ब्यवस्थापन सेवा र बजार सेवाको उपयोग ।

१०.३ हक हस्तान्तरण (Assignment), उपयोगको इजाजत (User's License), प्राविधिक जानकारी प्रदान (Technical Know-how sharing) र प्राविधिक सहभागिता (Franchising) आदि प्रविधि हस्तान्तरणको माध्यम हुन सक्नेछन् ।

**१०.४ लगानीकर्ताको वर्गीकरणः**

विदेशी लगानीकर्ताहरुको वर्गीकरण देहाय अनुसार हुनेछ :

(क) संस्थागत विदेशी लगानीकर्ता,

(ख) ब्यक्तिगत विदेशी लगानीकर्ता र

(ग) गैर आवासीय नेपाली लगानीकर्ता ।

१०.४.१ संस्थागत विदेशी लगानीकर्ताले प्रत्यक्ष विदेशी लगानी र दोस्रो वजारको माध्यमबाट गरिने पोर्टफोलियो लगानी समेत गर्न पाउनेछ । नेपाल धितोपत्र बोर्डमा सूचीकृत भई नेपाल भित्रका धितोपत्र वजारमा कारोवार भएका धितोपत्रहरुमा विदेशी संस्थागत लगानीकर्ताले लगानी गर्न पाउनेछन् । दोस्रो वजारमा यसरी खरीद गरेका धितोपत्र न्यूनतम होल्ड गर्नुपर्ने अवधि, लगानीको सीमा, विदेशी मुद्रामा राख्नुपर्ने रिजर्व आदिका सम्बन्धमा आवश्यक कानूनी ब्यवस्था गरिनेछ ।

१०.४.२ ब्यक्तिगत विदेशी लगानीकर्ताले प्रत्यक्ष (Direct) विदेशी लगानी मात्र गर्न पाउनेछ ।

१०.४.३ नेपालमा सञ्चालनमा रहेका उद्योगको शेयर विदेशी लगानीकर्ताले खरिद गरेमा सो लगानीलाई पनि विदेशी लगानी मानिनेछ ।

१०.४.४ गैर आवासीय नेपाली लगानीकर्ताले संस्थागत र ब्यक्तिगत रुपमा प्रत्यक्ष विदेशी लगानी र पोर्टफोलियो लगानी समेत गर्न पाउनेछन् ।

## ११. संस्थागत व्यवस्था

नीतिको प्रभावकारी कार्यान्वयन तथा विदेशी लगानीको कुशल व्यवस्थापनको लागि त्यससंग सम्बद्ध निकायहरुको विद्यमान संगठन संरचनामा परिमार्जन गरी संस्थागत सुदृढीकरण गरिनेछ ।

### ११.१ लगानी बोर्ड

आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई परिचालन गरी व्यवस्थित रूपमा औद्योगीकरणको प्रक्रियालाई तीव्र बनाउन, अत्यावश्यक पूर्वाधार संरचनाको निर्माण तथा विकास गरी सबल, गतिशील तथा प्रतिस्पर्धी अर्थतन्त्र विकास गर्न र रोजगारीका अवसर सृजना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुऱ्याउनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा गठित लगानी बोर्डको काम कारवाहीलाई थप प्रभावकारी बनाइनेछ ।

### ११.२ उद्योग मन्त्रालय :

उद्योग मन्त्रालयको विद्यमान औद्योगिक प्रवर्द्धन महाशाखालाई उद्योग तथा लगानी प्रवर्द्धन महाशाखाका रुपमा पुनर्संरचना गरिनेछ।

### ११.३ उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड (Foreign Investment Promotion Board) को गठन :

११.३.१ उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको गठन : वैदेशिक लगानीमा आधारित उद्योगको स्थापना, प्रवर्द्धन, स्वदेशी एवं विदेशी लगानी संरक्षण, अभिवृद्धि, र विस्तार गरी औद्योगिकीकरणको गतिलाई तीव्रता दिने उद्धेश्यले सहजीकरण तथा समन्वय सहित आवश्यक नीतिगत निर्णय गर्न उद्योगमन्त्रीको अध्यक्षतामा सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी एक उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड गठन गरिनेछ ।

११.३.२ बोर्डको काम, कर्तव्य र अधिकार : औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेका काम,कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) औद्योगिक प्रवर्द्धनका लागि लगानीको संरक्षण र अभिवृद्धि सम्बन्धी नीति तर्जुमा गर्ने, पारित नीति कार्यान्वयन गर्ने वा गराउने ।

(ख) विदेशी लगानी नीति, ऐन एवं नियमहरुको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।

(ग) प्रचलित कानूनले दिएको सीमा र अधिकारक्षेत्र भित्र रही विदेशी लगानी स्वीकृत गर्ने ।

(घ) लगानीसंग सम्बद्ध नीति एवं कानून कार्यान्वयनको सिलसिलामा देखापरेका द्विविधा एवं समस्याहरु समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ङ) एकल विन्दु सेवा केन्द्रबाट उपलब्ध गराउने सुविधा एवं सहुलियतका सम्बन्धमा लगानीकर्ताले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(च) प्रचलित कानूनबमोजिम विदेशी लगानीमा स्थापित उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने वा गराउने ।

(छ) विदेशी लगानीसंग सम्बन्धित उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।

(ज) विदेशी लगानी अभिबृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस तथा सुझाव पेश गर्ने ।

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने।

(ञ) विदेशी लगानीसंग सम्बन्धित प्रचलित कानूनले निर्धारित गरेका अन्य काम, कर्तब्य र अधिकार ।

### ११.४ उद्योग विभाग

विदेशी लगानी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याउनका लागि उद्योग विभागको मौजुदा संगठन संरचनाको पुनरावलोकन गरी उपयुक्त संगठन संरचनाको ब्यवस्था गरिनेछ । यसैक्रममा, लगानीकर्तालाई सहज रुपमा सेवा प्रदान गर्न एकल विन्दु सेवा आरम्भ गरी त्यसलाई संस्थागत गरिनेछ ।

विदेशी लगानीका सम्बन्धमा उद्योग विभागको कार्यक्षेत्रमा अन्य विषयहरुको अतिरिक्त देहायका विषयहरु समेत समावेश गरिएको छ :-

११.४.१ प्रचलित कानूनले दिएको सीमा र अधिकार क्षेत्र अन्तर्गत रही विदेशी तथा संयुक्त लगानीका उद्योग ब्यवसायको दर्ता, प्रशासन एवं सुविधा, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृति र अभिलेख सम्बन्धी कार्यहरु गर्ने ।

११.४.२ विदेशी लगानीकर्ता र श्रमिकको प्रवेशाज्ञाको लागि अध्यागमन विभाग र श्रम विभागलाई सिफारिस गर्ने र सोको सहजीकरण र अनुगमन गर्ने ।

११.४.३ विदेशी लगानीकर्तालाई विदेशी मुद्रा सम्वन्धी काममा नेपाल राष्ट्र बैंकसंग समन्वय गरी सहजीकरण गर्ने ।

११.४.४ लगानीकर्तालाई वातावरण प्रभाव सम्बन्धी अध्ययन, मूल्याकंन कार्यमा सहजीकरण गर्ने।

११.४.५ आफुले अनुमति दिएका ब्यवसाय र तिनले सम्पन्न गरेका कामको अभिलेखीकरण गर्ने।

११.४.६ विदेशी लगानीको कार्यमा प्रक्रियागत सरलीकरण गर्ने उद्देश्यले "कार्यसम्पादन कार्यविधि (Standard Operating Procedures-SOP)" निर्माण गरी लागू गर्ने ।

### ११.५ एकल विन्दु सेवा केन्द्र

लगानी सम्बन्धी प्रचलित नीति तथा कानून बमोजिम लगानीकर्तालाई उपलबध गराइने छूट, सुविधा वा सहुलियत र पूर्वाधार सम्बन्धी सेवा समयमा नै सहजरुपमा एकै थलोवाट उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारले एकल विन्दु सेवा केन्द्रको स्थापना गरी संचालनमा ल्याउनेछ ।

## १२. सञ्चालन वातावरण

### १२.१ विदेशी मुद्रामा पहुँच

१२.१.१ विदेशी लगानीकर्ताले नेपालमा गर्ने लगानी नेपाल राष्ट्र बैंकले तोकेको परिवर्त्य विदेशी मुद्रामा नेपालमा बैंकिङ्ग प्रणाली मार्फत भित्र्याउनु पर्नेछ । भारतीय लगानीकर्ताले भारतीय रुपैंयामा पनि लगानी गर्न सक्नेछन् ।

१२.१.२ विदेशी लगानीकर्ताले नेपालको वाणिज्य बैंकमा नेपाली रुपैंया वा परिवर्त्य विदेशी मुद्रा वा दुवैमा खाता खोल्न पाउनेछ।

१२.१.३ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपालका वाणिज्य बैंकमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्नेछ ।

१२.१.४ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाताबाट उद्योगलाई आवश्यक पर्ने मेशिनरी एवं कच्चा पदार्थ आयात गर्न सक्नेछन् ।

१२.१.५ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाताबाट नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी प्राविधिक वा श्रमिकको तलब भुक्तानी गर्न वा पठाउन सक्नेछ ।

१२.१.६ विदेशी लगानीकर्ताले प्रचलित कानूनको अधिनमा रही तथा नेपाल राष्ट्र बैंकले तोकेको प्रकृया पूरा गरी आफ्नो नेपाली रुपैंया वा परिवर्त्य विदेशी मुद्रा खाताबाट लाभांश बराबरको विदेशी मुद्रा आफ्नो देशमा पठाउन सक्नेछ ।

१२.१.७ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले प्रचलित कानूनी व्यवस्था अनुरुप सम्वन्धित निकायको स्वीकृति लिई विदेशबाट प्राप्त गरेको ऋणको साँवा तथा ब्याज, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति उपयोग वापतको शुल्क, ट्रेडमार्क, गुडविल, पेटेण्ट, रोयल्टी, व्यवस्थापन शुल्क, लाभांश आदि वापतको शुल्क भुक्तानी गर्न सटही सुविधा पाउनेछ ।

१२.१.८ नेपाल सरकार, श्रम मन्त्रालयको स्वीकृति लिई विदेशी लगानी रहेको उद्योग/कम्पनीमा काम गर्ने विदेशी कामदारले आफ्नो तलबमध्ये कानूनबाट निर्धारण भए बमोजिमको रकम परिवर्त्य विदेशी मुद्रामा विप्रेषण गर्न पाउने छन् ।

१२.१.९ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालमा लगानी गर्ने गरी विदेशमा विदेशी मुद्रामा ऋणपत्र वा डिवेञ्चर जारी गर्न सक्नेछ । त्यसरी जारी गरिएका ऋणपत्रको साँवा तथा ब्याज भुक्तानीको लागि सटही सुविधा उपलब्ध हुनेछ ।

१२.१.१० विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले विनिमय दर हेरफेरको जोखिम न्यूनीकरण गर्न नेपालका बैंक वित्तीय संस्था मार्फत् अग्रिम सम्झौता (Forward Contract) गर्न सक्नेछन् ।

**१२.२ सुविधा, सहुलियत सम्बन्धी व्यवस्था :**

प्राथमिकताप्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न लगानीकर्ताले लगानी गर्ने पूँजीको परिमाण, रोजगारीको सिर्जना र स्थानीय कच्चापदार्थ प्रयोग समेतको आधारमा प्रदान गरिने विभिन्न सुविधा, सहुलियत एवं छुटहरु निम्न अनुसार हुनेछः-

१२.२.१ सहुलियत र छुटः

१२.२.१.१ विदेशी लगानीमा स्थापना भएका उद्योगलाई औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले प्रदान गरेका सबै सुविधा एवं सहुलियत उपलब्ध गराइनेछ ।

१२.२.१.२ उद्योग स्थापना र सञ्चालनको लागि विदेशी लगानीकर्तालाई आवश्यक पर्ने जानकारी तथा पूर्वाधार सेवा एकल बिन्दु सेवा केन्द्र मार्फत उपलब्ध गराइने छ । यस्तो जानकारी एवं सूचना नेपालका विदेशस्थित कुटनीतिक नियोगहरुमा पनि उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१२.२.१.३ जलविद्युत आयोजना, निश्चित रकमभन्दा बढी लगानीमा स्थापना हुने उत्पादनमूलक उद्योग, खानीजन्य उद्योग र पर्यटन क्षेत्रसंग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीमा हुने विदेशी लगानीमा व्यवसायिक कारोबार शुरु भएको मितिले निश्चित अवधिसम्म शत प्रतिशत आयकर छुट प्रदान गरिने र तोकिए वमोजिमका पूर्वाधार विकासमा हुने विदेशी लगानीमा तोकिए बमोजिम लाग्ने आयकरमा छुट प्रदान गरिनेछ ।

१२.२.१.४ विद्युत् र पूर्वाधार विकासका आयोजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीमा लगानीकर्ताले तिर्नुपर्ने कर तथा महसुल बापतको रकमको लागि प्रति इकाइ निर्माण लागतका आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिम एकमुष्ठ नगद अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१२.२.१.५ विदेशी लगानीकर्ताले आफ्नो व्यवसायबाट आर्जन गरेको मुनाफा रकम नेपालमा सोही कम्पनीको क्षमता विस्तार वा अन्य कुनै क्षेत्रमा पुनर्लगानी गरेमा त्यस्तो पुनर्लगानी बराबरको रकममा लाग्ने कर दायित्वमा निश्चित प्रतिशत छुट दिइनेछ ।

१२.२.१.६ विदेशी लगानीकर्ताले स्वपूँजी (Equity) लगानीका रुपमा मेशिनरीहरु आयात गर्दा न्यूनतम् दरमा भन्सार महसूल लाग्ने व्यवस्था गरिनेछ । यसरी लाग्ने भन्सार महसूलको दर चार प्रतिशतभन्दा बढी हुने छैन ।

१२.२.१.७ ठूला लगानीकर्तालाई जलविद्युत आयोजनाको प्रयोजनका लागि आयात गरिने मेशिनरी तथा उपकरणमा तोकिएबमोजिम भन्सार छुट दिइनेछ ।

१२.२.२ अन्य सुविधाः

१२.२.२.१ विदेशी लगानीकर्ताले कृषि, खनिज लगायत तोकिए बमोजिमका प्रविधिका क्षेत्रमा नेपाललाई उपयोगी एवं फलदायी हुने किसिमले अनुसन्धान र विकास (Research and Development) मा गरेको लगानीमा तोकिए बमोजिम कर छुट सुविधा प्रदान गरिनेछ ।

१२.२.२.२ विदेशी लगानीकर्ताले नेपाली कच्चा एवं सहायक कच्चा पदार्थ उपयोग गरी न्यूनतम पचास प्रतिशत मूल्य अभिवृद्धि (Value Addition) गरी ती वस्तुको परिवर्त्य विदेशी मुद्रा पाउने गरी निर्यात गरेमा अघिल्लो वर्षको तुलनामा वृद्धि भएको निर्यात परिमाणको आधारमा तोकिएबमोजिम नगद अनुदान दिइने छ।

१२.२.२.३ निकासी गरे बापत पाउने महशूल फिर्ता (Duty Draw Back) र नगद सहुलियत निकासी कारोबार गरेको बैंकबाटै फिर्ता गरिनेछ ।

१२.२.२.४ उद्योग व्यवसायले उत्पादन गर्ने वस्तु वा सेवाको मूल्य निर्धारणमा सरकारले हस्तक्षेप गर्नेछैन । तर जनस्वास्थ्य र सार्वजनिक हित प्रतिकूल हुने अवस्था देखिएमा सरकारले आवश्यक नियमन गर्न र निर्देशन दिन सक्नेछ ।

१२.२.२.५ विदेशी लगानीकर्तालाई सम्वन्धित निकायले परिचयपत्र उपलब्ध गराउनेछ । यस्तो परिचयपत्र प्राप्त गरेको लगानीकर्ता निषेधित क्षेत्र बाहेक अरु क्षेत्रमा स्वतन्त्र रुपले नेपालभर घुमफिर गर्न पाउनेछ ।

१२.२.२.६ प्राथमिकताप्राप्त क्षेत्रमा स्थापना हुने विदेशी लगानीका उद्योगमा प्रचलित ह्रासकट्टीको दरमा तोकिए बमोजिम थप ह्रासकट्टी गर्न पाउने (Accelerated Depreciation) व्यवस्था लागु हुनेछ ।

१२.२.२.७ दश लाख अमेरिकी डलरभन्दा बढी प्रत्यक्ष विदेशी लगानी गर्ने लगानीकर्तालाई सम्बन्धित उद्योग कम्पनीको नाममा आवास खरीद गरी कंपनी संचालनमा रहेसम्म बसोबास गर्न अनुमति दिइनेछ ।

१२.२.२.८ विदेशी लगानीलाई दोहोरो करबाट हुने जोखिमबाट संरक्षण गर्न सम्झौता भैनसकेका विदेशी लगानीकर्ताको मुलुकसंग दोहोरो कर नलाग्ने गरी सम्झौता गर्न सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

१२.२.२.९ सरकारी एवं औद्योगिक क्षेत्र भित्रको जग्गामा उद्योग संचालन गर्न विदेशी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।

१२.२.२.१० नेपाल सरकारले तोकेको मापदण्डका आधारमा विदेशी लगानीकर्ताहरुलाई औद्योगिक रुपमा महत्वपूर्ण व्यक्ति (Industrially Important Person, IIP) को सम्मान प्रदान गर्न सकिनेछ ।

१२.२..२.११ यस नीतिले उद्योग व्यवसायलाई प्रत्याभूत गरेको सुविधा छुट एवं सहुलियतलाई कानुनद्धारा सुनिश्चित गरिनेछ र नेपाल सरकारले पछि बनाउने ऐननियमहरुले यो नीति अन्तर्गत लगानीकर्ताले प्राप्त गरेको सुविधा र सहुलियतहरुलाई लगानी कायम रहेसम्म कटौती नगर्ने व्यवस्था कानूनमै गरिनेछ ।

## १२.३ ऋण लिन पाउने व्यवस्था

१२.३.१ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, सूचना एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको प्रावधान अनुसार नेपाली बैंक तथा वित्तीय संस्थासंग नेपाली वा विदेशी मुद्राको खाताबाट कारोबार गर्न पाउनेछन् ।

१२.३.२ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले धितोपत्र कारोबार ऐनको अधिनमा रही नेपालभित्र नेपाली मुद्रामा बण्ड र डिबेञ्चर जारी गरेर ऋण उठाउन सक्नेछन् ।

१२.३.३ विदेशी लगानीमा स्थापित उद्योग/कम्पनीले नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर विदेशमा विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्नेछन् ।त्यसरी जारी गरी उठाएको रकम नेपालमै लगानी गर्नुपर्नेछ ।

## १२.४ विदेशीलाई रोजगारी

१२.४.१ उद्योग व्यवसाय सञ्चालन गर्दा आवश्यक पर्ने योग्यता, सीप वा दक्षता नेपालमा उपलब्ध नभएमा विदेशी लगानीकर्ताले श्रम मन्त्रालय वा तोकिएको अन्य उपयुक्त निकायको स्वीकृतिमा विदेशी दक्ष श्रमिकलाई रोजगारीमा लगाउन सक्नेछन् ।

१२.४.२ विदेशी श्रमिकले काम गर्न शुरु गरेको पाँच वर्षभित्र नेपाली श्रमिकलाई उक्त सीप हस्तान्तरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१२.४.३ रोजगारी अभिवृद्धि, शीप विकास र श्रमिकको हकहितको संरक्षण एवं सामाजिक सुरक्षाका सम्बन्धमा स्वदेशी र विदेशी श्रमिकबीच समान व्यवहार गरिनेछ ।

**१२.५ प्रवेशाज्ञा** (Visa)

१२.५.१ संस्थागत विदेशी लगानीकर्ताको हकमा विदेशी लगानीकर्ताको प्रतिनिधि र निजको आश्रित परिवार वा आधिकारिक प्रतिनिधि र निजको परिवारलाई नेपालमा विदेशी लगानी कायम रहेसम्म प्रत्येक पाँच वर्षमा नवीकरण गर्ने गरी व्यावसायिक प्रवेशाज्ञा उपलब्ध गराइनेछ । तर व्यक्तिगत लगानीकर्ताको हकमा लगानीकर्ता र निजको पति वा पत्नी वा निजको एकजना आधिकारिक प्रतिनिधिलाई यो सुविधा उपलब्ध गराइनेछ।

१२.५.२ एकैपटक दश लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई त्यस्तो लगानी कायम रहेसम्म आवासीय प्रवेशाज्ञा निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

१२.५.३ नेपालमा लगानी गर्ने नेपाली मूलका विदेशी नागरिक र निजको परिवारलाई नेपालमा लगानी कायम रहेसम्म आवासीय प्रवेशाज्ञा उपलब्ध गराइनेछ ।

१२.५.४ विदेशी लगानी रहेका उद्योगमा काम गर्न अनुमति पाएका व्यवस्थापक, प्राविधिक, श्रमिक/कामदार र विशेषज्ञलाई मन्त्रालयको सिफारिसमा कार्य गर्न अनुमति प्राप्त गरेको अवधिका लागि गैर-पर्यटक प्रवेशाज्ञाको व्यवस्था मिलाइनेछ । यसरी गैर-पर्यटक प्रवेशाज्ञा प्राप्त गर्ने व्यक्तिका आश्रित परिवारलाई पनि सो अवधिका लागि समान प्रकृतिको प्रवेशाज्ञा उपलब्ध हुन सक्नेछ ।

१२.५.५ लगानीकर्ताहरुलाई विदेशस्थित नेपाल सरकारको कुटनैतिक नियोगद्वारा पनि व्यावसायिक प्रवेशाज्ञा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ ।

**१२.६ अल्पकालीन प्रवेशाज्ञा**

नेपालमा लगानी गर्ने उद्देश्यले अध्ययन एवं अनुसन्धान गर्न आएका विदेशी नागरिकलाई निश्चित अवधिका लागि गैर-पर्यटक प्रवेशाज्ञा प्रदान गर्न सकिनेछ ।

**१२.७ जग्गा प्राप्तिको व्यवस्था**

१२.७.१ एकल विन्दु सेवा केन्द्रले उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गा विदेशी लगानीकर्ताकै खर्चमा प्राप्त गरी व्यावसायिक प्रयोजनको निम्ति उपलब्ध गराउने कार्यमा सहजीकरण गर्नेछ ।

१२.७.२ निर्माण, सञ्चालन र हस्तान्तरण विधि (Build Operate and Transfer - BOT Model) मा निर्माण हुने जलविद्युत तथा पूर्वाधार क्षेत्रका आयोजनाहरुका सम्बन्धमा प्राप्त भएको जग्गाको भोगाधिकार सम्बन्धित BOT सम्झौताको अवधिभर लगानीकर्ताकै नाममा रहनेछ । यदि लगानीकर्ताले चाहेमा सो जग्गाको स्वामित्व शुरुमै नेपाल सरकारकै नाममा लिखत पास गरी BOT सम्झौता अवधिभर लगानीकर्ताले भोग चलन गर्न सक्नेछन् ।

### १२.८ औद्योगिक सुरक्षा

१२.८.१ विदेशी लगानीमा संचालित उद्योगहरुको सुरक्षाका निम्ति तत्काल सुरक्षाको बन्दोवस्त गर्न औद्योगिक सुरक्षा वल परिचालन गरिनेछ ।

१२.८.२ विदेशी लगानीमा सञ्चालित उद्योग जवरजस्ती बन्द गराउन खोज्ने वा बन्द गराउने जो कोहीलाई पनि नेपाल सरकारले आवश्यक कानूनी व्यवस्था गरी त्यस्तो कार्य गर्न बाट रोक्न वा दण्ड वा जरिवाना गर्न सक्नेछ।

१२.८.३ पाँच सय भन्दा बढी संख्यामा नेपाली श्रमिकलाई रोजगारी दिने विदेशी लगानीमा संचालित उद्योगहरुको सुरक्षाका लागि सम्बन्धित लगानीकर्ताले माग गरेमा सरकारले त्यस्ता उद्योगहरुमा छुट्टै औद्योगिक सुरक्षा वलको व्यवस्था गर्नेछ ।

### १२.९ व्यावसायिक प्रवर्द्धन

विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुको सहजीकरण एवं समन्वय तथा नेपाली व्यवसायी एवं गैर-आवासीय नेपाली संगठनहरुको सहमतिमा लगानी र बजार विस्तार, बजार प्रवर्धन एवं प्रचार-प्रसार सम्वन्धी कार्य गरिनेछ ।

## १३. प्रत्याभूति र सुविधा

१३.१ समान व्यवहार

स्वदेशी र विदेशी लगानीबीच फरक व्यवहार गरिने छैन ।

१३.२ राष्ट्रियकरण

कुनै पनि लगानी नेपालमा कायम रहेसम्म त्यसलाई राष्ट्रियकरण गरिनेछैन । सार्वजनिक हितका लागि त्यसको कुनै अंश सरकारलाई आवश्यक परेमा प्रचलित कानूनले तोके अनुसार उचित क्षतिपुर्ति दिइनेछ ।

१३.३ लगानी र आर्जित रकम फिर्ता सम्वन्धी व्यवस्था

विदेशी मुद्रामा लगानी गर्ने स्वीकृति पाएको लगानीकर्ताले देहाय बमोजिमको रकम परिवर्त्य विदेशी मुद्रामा प्रचलित बजार विनिमय दरमा सटही गरी नेपाल बाहिर फिर्ता लैजान पाउनेछः-

१३.३.१ लगानीको केही वा सबै शेयर बिक्रीबाट प्राप्त रकम ।

१३.३.२ विदेशी ऋणको साँवा र ब्याज भुक्तानी बापतको रकम,

१३.३.३ लगानीबाट प्राप्त मुनाफा वा लाभांश,

१३.३.४ प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त रकम,

१३.३.५ नेपाली उद्योगमा कार्यरत स्वीकृतिप्राप्त विदेशी विशेषज्ञ, श्रमिक/कामदारले आफ्नो पारिश्रमिक तथा सुविधा बापत आर्जित रकमको ७५ प्रतिशतसम्म रकम,

१३.३.६ विदेशी लगानीमा संचालित उद्योग कुनै कारणवश खारेजी (Liquidation) मा गएमा खारेजी पश्चातको सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहेको रकम ।

१३.५ मध्यस्थता तथा विवाद समाधान

१३.५.१ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन अन्तर्गत भएको लगानीमा स्वदेशी लगानीकर्ता तथा विदेशी लगानीकर्ताबीच कुनै विवाद भएमा नेपाल सरकार उद्योग विभागको रोहवरमा आपसी वार्ताद्धारा विवाद समाधान गरिनेछ ।

१३.५.२ यसरी विभागको रोहवरमा आपसी वार्तावाट विवाद समाधान हुन नसकेमा अन्तर्राष्ट्रिय व्यापार कानुन सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (United Nations Commission for International Trade Law-UNCITRAL) को प्रचलित मध्यस्थता सम्बन्धी नियम तथा कार्यविधि अपनाई मध्यस्थता गरिनेछ ।

१३.५.३ मध्यस्थता काठमाडौंमा हुनेछ । मध्यस्थतामा नेपालको प्रचलित कानून लागू हुनेछ।

१३.५.४ एक करोड अमेरिकी डलर वा सो बरावर भन्दा बढी विदेशी मुद्रा लगानी हुने उद्योगको हकमा विदेशी लगानी सम्बन्धी उठेको विवादको समाधान विदेशी लगानी सम्झौतामा उल्लेख भएको अवस्थामा सोही बमोजिम गरिनेछ ।

१३.५.५ मध्यस्थताको भाषा नेपालमा भए नेपाली वा अंग्रेजी मध्ये कुनै एक हुने र विदेशी लगानी भएका उद्योगहरुका हकमा विभिन्न सरकारी निकायमा पेश गर्ने कागजातहरु अंग्रेजी भाषामा भएपनि मान्य हुनेछ ।

**१४. प्राथमिकताका क्षेत्र**

विदेशी लगानीको निम्ति रोजगारी प्रवर्द्धन, आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धन गर्ने उत्पादनमूलक उद्योग, शिक्षा, स्वास्थ्य तथा सूचना संचार एवं प्रविधि क्षेत्र पनि महत्वपूर्ण रहेका छन् । तर राष्ट्रिय प्राथमिकताका आधारमा निम्न अनुसारका पाँचवटा क्षेत्रहरुलाई प्राथमिकता क्षेत्र निर्धारण गरिएको छः-

१४.१ जलविद्युत् (उत्पादन र प्रसारण समेत)

१४.२ यातायात क्षेत्रको पूर्वाधार विकास (द्रुत मार्ग, रेलवे, टनेल, केवल कार, मेट्रो रेल सेवा, फ्लाइओभर र अन्तर्राष्ट्रिय विमानस्थलहरु)

१४.३ कृषिजन्य, खाद्य प्रशोधन तथा जडीबुटी प्रशोधन उद्योग

१४.४ पर्यटन उद्योग

१४.५ खानीजन्य एवं उत्पादनमूलक उद्योग

१४.६ नेपाल सरकारले समय समयमा राजपत्रमा सूचना प्रकाशित गरी प्राथमिकताका क्षेत्रको हेरफेर गर्न सक्नेछ ।

**१५. कानूनी व्यवस्था**

१५.१ यस नीतिमा उल्लिखित प्रावधानहरुलाई विद्यमान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले समेट्न नसकेको हदसम्म सो ऐन परिमार्जन गरी वा नयाँ ऐनले सो ऐनलाई प्रतिस्थापन गरी कानुनी हैसियत प्रदान गरिनेछ ।

१५.२ विदेशी लगानी सम्बन्धी हाल विभिन्न क्षेत्रगत ऐन-नियमहरुमा छरिएर रहेका प्राबधानहरुलाई समेत समेटी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐनमा व्यवस्था गरिनेछ ।

१६. **विदेशमा नेपाली लगानी र व्यवसायमा विस्तार**

विदेशमा नेपाली लगानी र व्यवसाय विस्तारका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाको समसामयिक पुनरावलोकन गरिनेछ ।

१७. **प्रवेश, अनुमति र बहिर्गमन सम्बन्धी व्यवस्था**

१७.१ प्रवेश, अनुमति

१७.१.१ सम्पत्ति शुद्धिकरण (Money Laundering) विरुद्धको अन्तर्राष्ट्रिय मापदण्ड पुरा भएका देहायका क्षेत्रमा विदेशी लगानी बैंक मार्फत भित्र्याउन पाइनेछः-

(क) सरकारले निर्धारण गरेको विशेष आर्थिक क्षेत्र वा निर्यात प्रवर्द्धन क्षेत्र विकासमा गरिने लगानी,

(ख) निर्माण सम्पन्न भइसकेको विशेष आर्थिक क्षेत्र वा निर्यात प्रवर्द्धन क्षेत्रभित्रका उद्योगमा गरिने लगानी

१७.१.२ प्रचलित कानूनका अधीनमा रही उद्योगहरुमा शत प्रतिशत विदेशी लगानीलाई अनुमति दिइनेछ ।

१७.१.३ शतप्रतिशत निर्यात गर्ने वस्तुको उत्पादन, नेपालमै उपलब्ध कच्चा पदार्थमा आधारित औषधि उत्पादन, फोहर मैला व्यवस्थापन तथा वायु प्रदूषण नियन्त्रण, पेट्रोलियम रिफाइनरी, खानीजन्य उद्योगको क्षेत्र शतप्रतिशत विदेशी लगानीका लागि खुल्ला रहनेछ।

१७.१.४ विदेशी लगानी गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा आवश्यक सम्पूर्ण कागजात र दस्तूर सहित सम्बन्धित निकायमा निवेदन दिएमा निवेदन प्राप्त भएको तीस दिनभित्र आवश्यक मूल्याकंन गरी परियोजना लगानी स्वीकृत गर्ने, वा नगर्ने जानकारी लगानीकर्तालाई दिनुपर्नेछ ।

१७.२ बहिर्गमन सम्बन्धी व्यवस्था

विदेशी लगानीकर्ताले कारोबार बन्द गर्न चाहेमा उद्योगको प्रकृति अनुसार सम्बन्धित निकायको स्वीकृति लिई बाहिरिन पाउनेछ । बहिर्गमनको निमित्त आवेदन परेमा सम्बन्धित निकायले तीन महिनाभित्र लिखित निर्णय दिनु पर्नेछ ।

१८. **पुनरावलोकन सुधार तथा खारेजी**

१८.१ पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताका बारेमा आवधिक रुपमा आन्तरिक तथा बाह्य दुबै रुपमा मुल्यांकन गरी यसमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

१८.२ अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१८.३ खारेजी

विदेशी लगानी र एकद्वार नीति, २०४९ खारेज गरिएको छ ।

## अनुसूची

विदेशी लगानी खुला नगरिने उद्योग/व्यवसायः-

१. लघु उद्यम र परम्परागत घरेलु उद्योग (प्रविधि हस्तान्तरण वाहेक)।

२. हात हतियार, खरखजाना, गोलीगठ्ठा, बारुद तथा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग ।

३. मुद्रा तथा सिक्का व्यवसाय, सुरक्षण मुद्रण **(Security Printing)** ।

४. घर जग्गा खरीद विक्री (Real Estate) व्यवसाय ।

५. नेपालमा स्थिर पूँजी रु. पचास करोड भन्दा कम लगानीको वहुब्राण्ड (Multi-brand) खुद्रा व्यापार । सो भन्दा माथिको लगानीको हकमा २ भन्दा बढी देशमा व्यवसाय गरेको हुनुपर्ने ।

६. पर्यटनमा संलग्न पर्यटक गाइड, ट्रेकिङ तथा माउन्टेनियरिङ गाइड, भरिया (घोडा, खच्चड, याक सहित), भान्से उपलब्ध गराउने पर्यटन उद्योग ।

७ कुखुरा पालन, माछापालन, मौरी पालन र कृषिका प्राथमिक उत्पादनका क्षेत्रहरु ।

८ विकिरणजन्य पदार्थ (Radioactive materials) सम्वन्धी उद्योग ।

९ आमसञ्चारका प्रसारण माध्यमहरु (पत्रपत्रिका, रेडियो, टेलिभिजन) ।

# विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९

*(मिति २०७४ साल पुष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

नोटः यो ऐन केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ बाट संवत् २०७५ भदौ १ बाट प्रारम्भ हुने गरी संशोधन भएकोमा सो संशोधन समावेश गरिएको छैन ।

# विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०४९।७।२७

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) ऐन, २०५२ | २०५२।१०।१० |
| २. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७✠ | २०५७।४।२६ |
| ३. आयकर ऐन, २०५८ | २०५८।१२।१९ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |

२०४९ सालको ऐन नं. ३४

⏭.......................

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : देशको औद्योगिकरणको प्रकृयामा सीमित पुँजी, मानवीय एवं प्राकृतिक साधनको अधिकतम परिचालन गरी अर्थ व्यवस्थालाई सबल, गतिशील एवं प्रतिस्पर्धात्मक बनाउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ मा उल्लिखित उद्योग सम्झनु पर्छ ।

(ख) "विदेशी लगानी" भन्नाले विदेशी लगानीकर्ताले उद्योगमा गरेको देहाय बमोजिमको लगानी सम्झनु पर्छ :-

(१) शेयरमा गरेको लगानी,

(२) उपखण्ड (१) बमोजिमको लगानीबाट प्राप्त आयको पुर्नलगानी,

(३) ऋण वा ऋण सुविधाको रुपमा गरेको लगानी ।

(ग) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ता बीच देहायका कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छ :-

---

✠ यो ऐन संवत् २०५७ साल साउन १ गते देखि लागू भएको ।
◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(१) विदेशी उत्पत्तिको कुनै प्रविधि सम्बन्धी अधिकार विशिष्टता, फरमुला, प्रकृया, पेटेण्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने ।

(२) विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने ।

(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन एवं बजार सेवा उपलब्ध गर्ने ।

(घ) "विदेशी लगानीकर्ता" भन्नाले विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्ने कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँछ ।

(ङ) "बोर्ड" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १२ बमोजिम गठित औद्योगिक प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले नेपाल सरकारको उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग वा नेपाल सरकारले तोकेको अन्य कुनै विभाग, कार्यालय वा निकाय सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. स्वीकृति लिनु पर्ने : (१) विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न विभागको स्वीकृति लिनु पर्नेछ ।

(२) विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न चाहनेले स्वीकृतिको लागि विभाग समक्ष तोकिएको विवरणहरु समेत संलग्न राखी तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

❖(३) उपदफा (२) बमोजिम दरखास्त परेमा पचास करोड रुपैयाँसम्म स्थिर जेथा भएको उद्योगको हकमा विभागले आफैं र सोभन्दा बढी स्थिर जेथा भएको उद्योगको हकमा बोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिनभित्र स्वीकृति दिनु पर्नेछ । विभागले त्यस्तो स्वीकृतिको सम्बन्धमा भएको निर्णयको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

❖(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूचीमा उल्लेख भएका उद्योगहरुमा विदेशी लगानी गर्न स्वीकृति दिइने छैन ।

तर त्यस्ता उद्योगहरुमा प्रविधि हस्तान्तरण गर्न स्वीकृति दिन सकिनेछ ।

৵४. ....................

५. सुविधा तथा सहुलियत : (१) ∅ ...............

(१क) ● ...............

(२) विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ताले देहाय बमोजिमको रकम विदेशी मुद्रामा नेपाल ⏭.......... बाहिर लैजान पाउनेछ :-

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

৵ पहिलो संशोधनद्वारा खारेज ।

∅ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा झिकिएको ।

● आयकर ऐन, २०५८ द्वारा झिकिएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

### विदेशी लगानी गर्न स्वीकृति नदिइने उद्योगहरु

#### खण्ड (क)

१. घरेलु उद्योग ।

२. व्यक्तिगत सेवा व्यवसाय (जस्तो कपाल काट्ने, श्रृंगार गर्ने, सिलाई (टेलरिंग), ड्राइभिङ्ग तालीम आदि व्यवसाय) ।

३. हात हतियार तथा खरखजाना उद्योग ।

४. गोलीगठ्ठा, बारुद ।

५. विकीरणजन्य पदार्थ (रेडियोएक्टीभ मेटेरियल्स्) सम्बन्धी उद्योग ।

६. घर जग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक) ।

७. चलचित्र व्यवसाय (⏭........... राष्ट्र भाषाको) ।

८. सुरक्षात्मक छपाई (सेक्यूरीटी प्रिन्टिङ्ग) ।

९. मुद्रा तथा सिक्का व्यवसाय ।

#### खण्ड (ख)

α१. अन्तराष्ट्रिय श्रृङ्खलाको रुपमा तत्काल दुई भन्दा बढी मुलुकमा कारोबार गरिरहेको खुद्रा व्यवसाय (रिटेल बिजनेस) ।

२. *.....................

३. *.....................

४. *.....................

५. *.....................

६. *.....................

७. *....... बिडी, *........ (९० प्रतिशत भन्दा बढी निकासी गर्ने बाहेक) ।

८. आन्तरिक कुरियर सेवा ।

९. आणविक शक्ति : (एटोमिक इनर्जी)

१०. *...................

११. कुखुरा पालन ।

१२. माछा पालन ।

१३. मौरी पालन ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

α मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

* मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा झिकिएको ।

α१४. एकाउन्न प्रतिशतसम्म विदेशी लगानी भएको परामर्श सेवा बाहेक अन्य परामर्श सेवा व्यवसाय, व्यवस्थापन, लेखा, इन्जिनियरिङ्ग, कानूनी जस्ता व्यवसायहरु ।

σ१५. ब्युटी पार्लर

σ१६. भाडामा खाद्यान्न कुटानी, पिसानी, र पेलानी गर्ने कार्य ।

σ१७. स्थानीय क्याटरिङ्ग सेवा ।

σ१८. ग्रामीण पर्यटन ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

α मिति २०६२।८।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

σ मिति २०५८।५।२१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थपिएको ।